जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २७४ • २०८० साल फाल्गुन १८ गते शुक्रबार (1 March, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सर्लाहीका तीन पालिकाको कामकाज ठप्प

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीका तीनवटा पालिकामा विकास निर्माण ठप्प छ। दुई पालिकामा ताला लगाइएको छ भने एक पालिकाले बजेट नै ल्याउन सकेको छैन्।

हरिपुर्वा नगरपालिकाले एक साताअघि मात्र नगरसभा गरेको थियो। तर उपप्रमुखसहित केही वडाध्यक्षले विरोध जारी राखेका छन्। त्यहाँ कर्मचारी तथा शिक्षकले तलबभत्ताको माग गर्दै आन्दोलन हुँदा कार्यालयको कामकाज ठप्प छ।

जनप्रतिनिधिकै तालाबन्दीका कारण पर्सा गाउँपालिकाको कामकाज पनि ठप्प छ। कार्यपालिकाको बहुमत सदस्यले विभिन्न माग राख्दै कार्यालयमा तालाबन्दी गरेका छन्।

चन्द्रनगर गाउँपालिकाले आठ महिना बितिसक्दासमेत बजेट ल्याउन सकेको छैन्। यी तीनै पालिकामा राजनीतिक दलबीच बजेटमा भागबन्डा नमिल्दा कार्यालय सञ्चालनमा समस्या देखिएको छ।

हरिपुर्वा नगरपालिकामा नगरसभा सम्पन्न भएको नगरप्रमुख विनोद साहको दाबी छ भने उपप्रमुख सुमित्रादेवीले नगरसभा हुनै नसकेको दाबी गरिरहेकी छन्।

नगरमा विरोध तथा अवरोधले ज्येष्ठ नागरिकले सामाजिक सुरक्षाभत्तासमेत पाउन सकेका छैनन् भने विकास निर्माणको काम लामो समयदेखि अवरुद्ध छ। धर्नामा बसेका कर्मचारीले बाध्य भएर आन्दोलनमा होमिनुपरेको दुःखेसो पोखे।

हरिपुर्वाका प्रमुख साहले कोष तथा लेखा नियन्त्रण कार्यालयमा खाता सञ्चालनका लागि प्रयास भइरहेको बताए। तर कोलेनिका प्रमुख नहुँदा नगरपालिकाको खाता सञ्चालनमा आउन नसकेको जानकारी दिए।

पर्सा गाउँपालिकामा तालाबन्दीले सेवाग्राही मारमा परेका छन्। आन्दोलनमा होमिएका जनप्रतिनिधिले गत आर्थिक वर्ष २०७९/८० को आयव्ययको फाँटवारी उपलब्ध गराउनुपर्ने, शाखा प्रमुखहरूको कामकाज सन्तोषजनक नभएकाले हेरफेर वा आवश्यकता अनुसार हटाउनुपर्ने, स्थायी तथा करार वा दैनिक ज्यालादारीमा खटिएका कर्मचारीको तलबसहित नामावली विवरण उपलब्ध गराउनुपर्ने, इन्धन खर्चको विवरणसहित १९ बुँदे माग राखेका छन्।

पालिका अध्यक्ष धिरेन्द्र रायले आफू व्यक्तिगत काममा व्यस्त भएकाले आन्दोलनरत जनप्रतिनिधिसँग छलफल हुन नसकको बताए। उनले केही दिनभित्रै आन्दोलित पक्षसँग छलफल गरेर समस्या समाधान गरिने जानकारी दिए।

चन्द्रनगरमा पालिकाले बजेट ल्याउन नसक्दा विकास निर्माण ठप्प छ भने आठ महिनादेखि ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्तासमेत पाउन सकेका छैनन्। बजेट नआउँदा कर्मचारीको समेत तलब रोकिएको छ।

चन्द्रनगरमा १५ जना जनप्रतिनिधिको कार्यपालिका समिति छ, जसमध्ये ३ जना मात्र अध्यक्ष राजकुमार महतोको पक्षमा छन् भने १२ जना उपाध्यक्ष गीता देवीसँग छन्। उनीहरूको एकआपसमा कुरा नमिल्दा बजेट आउन सकेको छैन्।

### दुग्ध उत्पादक किसान आन्दोलनमा

## सप्तरीको महुलीमा चक्काजाम

**टुडे समाचारदाता**

राजविराज। मुलुकमा आर्थिक मन्दी छाएका बेला दुग्ध उत्पादक किसानहरु आफ्नो उत्पादन सडकमा पोख्न बाध्य भएका छन्। किसानहरुले उत्पादन गरेको दुग्धको भुक्तानी नभएका कारण उनीहरु सडकमा दुग्ध पोखेर विरोध जनाएका छन्।



सप्तरीको महुली खडकखण्डमा विभिन्न ११ सूत्रीय माग सहित आन्दोलनरत किसानहरूले एक घण्टा चक्काजाम गरेका छन्। दुग्ध उत्पादक सहकारी संघ लिमिटेड सप्तरीको अगुवाइमा बिहीबार १२ बजेदेखि १ बजेसम्म सडक जाम गर्दै किसानहरूले सडकमै दुग्ध पोखेर प्रदर्शन गरे।

किसान मार्न पाइँदैन, कृषि मन्त्री राजीनामा दे, दुधको भुक्तानी अविलम्ब गर, लगायतका विभिन्न नारा लेखिएको प्लेकार्डसहित सडक प्रदर्शनमा उत्रिएका संघका पदाधिकारी तथा किसानहरूले सरकार दुग्ध उत्पादक किसानको समस्या समाधानप्रति गम्भीर नभएको आरोप लगाए। सडक जाम गरेपछि लामो तथा छोटो दुरीमा चल्ने सयौं सवारी साधनहरू सडकमै रोकिएको कारण हजारौं यात्रुहरूले बाटोमा सास्ती खेप्न बाध्य भए।

> सप्तरीको महुली खडकखण्डमा विभिन्न ११ सूत्रीय माग सहित आन्दोलनरत किसानहरूले एक घण्टा चक्काजाम गरेका छन्।

मुलुकमा आर्थिक मन्दी छाएको छ। हरेक थोक अन्य मुलुकबाट आयात गर्नुपर्ने बाध्यता रहँदा समेत साना किसानहरुले उत्पादन गरेको सामग्री खरिदमा देखाइएको लापरवाहीले आम किसान भने समस्यामा पर्दै गएका छन्।

दुग्ध उत्पादक सहकारी संघ सप्तरीका अध्यक्ष दीपेन्द्र कुमार आचार्यले नेपाल सरकार दुध उत्पादक किसानहरूको समस्या समाधानतर्फ गम्भीर नभएको आरोप लगाउँदै आक्रोश पोखे। उनले विराटनगर दुग्ध वितरण आयोजनाले करोडौं रुपैयाँ किसानहरूको भुक्तानी रोकेकाले कारबाहीका लागि संघीय सरकारका कृषि मन्त्रीलाई भेटेर हारगुहार गरेको बताउदै किसानको माग सम्बोधनमा चासो नदिने कृषिमन्त्रीले तुरुन्तै पदबाट राजीनामा दिनुपर्ने माग गरे। उनले शान्तिपूर्ण आन्दोलनबाट सुनुवाइ नभए केन्द्रीय दुग्ध सहकारी संघले आह्वान गरेको आन्दोलनमा समर्थन गर्दै थप सशक्त आन्दोलनमा उत्रने चेतावनी समेत दिए।

बस्तु भाउको दैनिक हेरचाह, खानपिन र कर्मचारीमा खर्च भए पनि सरकारको अटेरीले किसान समस्यामा परेका छन्।

किसानले पटक पटक सम्वन्धित निकायमा दुखेसो पोखे पनि सरकारी स्तरबाट भने समस्या समाधानका लागि पहल हुन सकेको छैन्। आम जनताले सरकारबाट गरेको अपेक्षा पूरा हुन सक्ने छाटकाट नदेखिए पछि बाध्य भएर आन्दोलन गर्नु परेको छ। संघका पूर्व अध्यक्ष एवम् किसान भुवन आचार्य, आदर्श दुग्ध विकास सहकारी संस्था महुलीका प्रबन्धक बोधराज सुवेदी लगायतले ११ सूत्रीय माग पूरा नभएसम्म आन्दोलन जारी रहने बताए।

आम जनताले सरकार सम्मको पहुँच नभएका कारण सडकमै उत्रनुपर्ने बाध्यता रहेको छ। सरकार समक्ष आफ्नो कुरा पुर्‍याउन उनीहरुलाई आन्दोलन गर्नुपर्ने बाध्यता रहेको आचार्यको भनाइ छ।






# जनकपुरधाममा एथलेटिक्स टुर्नामेन्ट सुरु

**टुडे समाचारदाता**



जनकपुरधाम । निजि विद्यालयहरुको संगठन प्याब्सन तथा एनप्याब्सनको संयुक्त आयोजनामा एथलेटिक्स टुर्नामेन्ट शुरु भएको छ । जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले उदघाटन गरेको प्रतियोगिता दुई दिनसम्म चल्ने छ ।

२२ वटा निजि विद्यालयहरुको सहभागितामा शुरु भएको प्रतियोगितामा एथलेटिक्स अन्तर्गतका ३ खेलको आयोजन हुनेछ ।

टुर्नामेन्टमा ट्रैक अन्तर्गत १ सय मिटर, २ सय मिटर, ३ सय मिटर र ४ सय मिटर दौड प्रतियोगिताको आयोजना हुने छ । त्यस्तै ज्याब्लिंग थ्रो, शटपुट थ्रो र हाइ जम्प तथा लंग जम्पको आयोजना हुनेछ ।

कक्षा १०सम्मका विद्यार्थीहरुको सहभागिता रह्ने यो प्रतियोगिता सिनियर ब्वाइज, सिनियर गर्ल्स, जुनियर ब्वाइज र जुनियर गर्ल्स गरी ४ क्याटोगोरीमा आयोजना हुने एनप्याब्सन धनुषाका अध्यक्ष आशिष झाले जानकारी दिए । प्रतियोगिता उदघाटन कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै नगरप्रमुख साहले जनकपुरधाममा खेललाई बढावा दिनका लागि उपमहानगरको वार्षिक क्यालेण्डरमै शामिल गर्ने जानकारी दिए । यस प्रकारका प्रतियोगिताहरुलाई विद्यालयहरुले निरन्तरता दिदै खेलाडी निर्माण गर्न तर्फ केन्द्रित हुनु आवश्यक रहेको नगरप्रमुख साहले बताए ।

एनप्याब्सन जनकपुरधाम नगर समितिका अध्यक्ष दीपक ठाकुर अध्यक्षतामा भएको कार्यक्रममा प्याब्सन जनकपुरधाम नगर समितिका अध्यक्ष रविन्द्र चौधरी, विभिन्न विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुको उपस्थिति रहेको थियो ।

# महानगरमा दुई लाख करदाताले तिर्दैनन् नियमित कर

**टुडे समाचारदाता**

काठमाण्डु । काठमाडौँ महानगरपालिकामा करिब दुई लाख करदाताले नियमित कर नतिर्ने गरेको पाइएको छ । कामपामा दर्ता भएका करदाता तीन लाख १२ हजार भए पनि दुई लाखले नियमित कर नतिर्ने बताइएको छ । लामो समयदेखि दर्ता प्रक्रियामा नै नआएर कर तिर्नका लागि आलटाल गरिरहेका करदातालाई नियमअनुसार समावेश गर्नका लागि कामपाले वडास्तरीय अनुगमन गरी नियमसङ्गतरुपमा ल्याउने तयारी गरेको कामपा राजस्व विभाग जनाएको छ । यसरी कर तिर्नका लागि आलटाल गर्नेमा सबैभन्दा धेरै बहाल करमा करिब एक लाख करदाता रहेको छन् । त्यस्तै व्यवसाय कर, मनोरञ्जन कर र विज्ञापन करमा एक लाखको हाराहारीमा रहेको कामपा राजस्व विभागका प्रमुख ध्रुव काफ्लेले जानकारी दिए । उनका अनुसार दर्ता प्रक्रियामा नआएका सबै शीर्षकका करदातालाई नियमअनुसार बनाउनका लागि यसै महिनादेखि कामपाको ३२ वटै वडाबाट नियमित अनुगमन गरी प्रक्रियामा ल्याउने तयारी कामपाको रहेको छ ।

कामपामा कर तिर्नका लागि दर्ता प्रक्रियामा आएका तर नियमित कर नबुझाउने करदाताबाट पनि रु दुई अर्ब बक्यौता असुल गर्न बाँकी रहेको प्रमुख काफ्लेले जानकारी दिए । उक्त रकम विगत १२ वर्षदेखिको रहेको कामपाको भनाइ छ । दर्ता गरेर पनि नियमअनुसार कर नतिरेका करदाताका लागि कामपाले चालु आर्थिक वर्षको साउन महिनादेखि पुस मसान्तसम्म तिर्नुपर्ने रकममा केही छुट दिएको थियो ।

सोही अवधिमा दर्ता प्रक्रियामा रहेको केही करदाताले कर तिरेका भए पनि अझै धेरै करदाताले तिर्नका लागि आलटाल गरिरहेका छन् । दुई वर्षअघि पनि कामपाले २८ वर्षदेखिको बक्यौता रकम असुल गर्न भन्दै त्यस्ता करदाताको नाम नै सार्वजनिक गरेको थियो ।

# सीमान्तकृत समुदायको आवाज सम्बोधन नगरे संविधान सफल हुँदैन : राज्यमन्त्री प्रमिला कुमारी

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारीको राष्ट्रियसभा सदस्यको कार्यकाल यही फागुन २० गते सकिँदैछ । सो सभाको २०७४ माघ २४ मा भएको निर्वाचनमा मधेस प्रदेशबाट महिला स्थानमा जनता समाजवादी पार्टीका तर्फबाट निर्विरोध निर्वाचित प्रमिला कुमारी बौद्धिक नेत्रीका रूपमा पनि चिनिनुभएको छ ।




राष्ट्रियसभा सदस्य भएको अवधिमा धेरै समय सांसद र झण्डै एक वर्ष राज्यमन्त्री भएर देश र जनताका सेवामा आफू इमानदार पूर्वक लाग्न सकेको अनुभूतिमा रहनुभएका उहाँ मुलुकमा सीमान्तकृत समुदायको आवाजलाई सम्बोधन नगरे संविधान र सङ्घीय प्रणालीको सफल कार्यान्वयन हुनेमा स्पष्ट हुनुहुन्छ ।उहाँले सांसद र राज्यमन्त्री भएर जनसरोकारका मुद्दामा आफूलाई केन्द्रित गरेको र समग्रमा त्यसबाट आफू सन्तुष्ट रहेको सुनाउनुभयो ।

"मैले सङ्घीय लोकतान्त्रिक गणतन्त्रतात्मक व्यवस्थालाई बलियो बनाउन र संविधानमा व्यवस्था भएको समानुपातिक समावेशी सिद्धान्तबमोजिम सीमान्तकृत समुदाय र वर्गका आवाजलाई अधिकतमरूपमा उठाएँ । ती समुदायका आवाज सम्बोधन नभएसम्म हाम्रो संविधान सफल हुन सक्दैन ।"

उहाँले भन्नुभयो, "सुरुका दुई वर्ष राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको सदस्य रहँदा सरकारबाट पेस हुने सबै विधेयक, नीति र तर्जुमा गरिने निर्देशिकामा समावेशीताको विषयलाई अनिवार्य उल्लेख हुनुपर्छ भन्ने लेखाउन मैले निर्णायक भूमिका निर्वाह गरेकी थिएँ । त्यो कुरा अहिले कार्यान्वयनमा आएको छ । यसमा म खुसी छु ।" सरकारलाई संसद्प्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिन समेतका लागि उक्त समिति महत्वपूर्ण मानिन्छ ।

राष्ट्रियसभा सदस्यका रूपमा प्रमिला कुमारीले केही वर्ष उक्त सभाको दिगो विकास तथा सुशासन समितिका सदस्य रहेर भूमिका निर्वाह गर्नुभयो । सरकारले अख्तियार गरेको दिगो एवं सन्तुलित विकास र सुशासन प्रवर्द्धनसम्बन्धी विषय समितिको कार्यक्षेत्रभित्र हेर्ने सो समितिले सुशासनयुक्त विकास नै सार्थक, सन्तुलित र न्यायसङ्गत हुने हुँदा विकासका बहुआयामिक पक्षलाई कार्यान्वयन गर्न र दिगो व्यवस्थापन गर्न आवश्यक समन्वय, निर्देशन पैरवी गर्दै आएको छ । लागेका कुरा खरोरूपमा राख्ने सांसद कुमारीले आफूलाई सभामा जसपाको संसदीय दलको नेता भए पनि पाउने सुविधाबाट वञ्चित गराउँदा मधेसी भएकै कारण पूर्वाग्रह गरिएको त होइन भनी प्रश्न उठाउनुभएको थियो ।

प्राकृतिकरूपमा स्रोत-साधन सम्पन्न भएर पनि मानव विकास सूचाङ्कमा तुलनात्मकरूपमा पछाडि परेको तराई मधेस क्षेत्रमा राज्यका नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा प्राथमिकता दिन सरकारमा रहँदा र सांसद रहँदा प्रायः पहलकर्ताका रूपमा प्रस्तुत हुने राज्यमन्त्री प्रमिला कुमारीले आफूले आफ्नो देश र माटोका लागि कुनै गलत पक्षसँग सम्झौता नगर्ने स्पष्ट गर्नुभयो ।

पूर्वशिक्षिका प्रमिला कुमारीले उठाउँदै आएका विषय समावेशी, सन्तुलित र समन्यायिक विकासलाई सारभूत रुपमा कार्यान्वयन हुने नीति, योजना, कार्यक्रम, बजेट, कार्यप्रक्रियमा तिनको उपलब्धिको अनुगमन, निगरानी, सचेतीकरण र दिशाबोध गराउन त्यहाँ आफ्नो उपस्थिति सशक्त जनाइएको बताउनुभयो ।

संसद्मा पछिल्ला अधिवेशनमा पर्याप्त विधेयक पारित हुन नसकेको सन्दर्भमा सोधिएको प्रश्नमा राज्यमन्त्री प्रमिला कुमारीले सदनमा सरकारले पर्याप्त विधेयक लैजानुपर्नेमा किन लान नसकेको भन्नेमा आफू पनि स्पष्ट हुन नसकेको बताउनुभयो । सरकारको राज्यमन्त्रीमात्रै भएकाले मन्त्रिपरिषद्मा हुने छलफलबाट अलग हुने भएकाले विधेयकहरू किन आउन सकेनन् भन्नेबारेमा आफूले जवाफ दिन नसक्ने तर कार्यकाल सकिन लाग्दा कसैलाई दोषारोपण र तीतो पोख्ने पक्षमा आफू नरहने बताउनुभयो ।

शिक्षा क्षेत्रका भने विद्यालय शिक्षासम्बन्धी, सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी विधेयक र नेपाल विश्वविद्यलायसम्बन्धी विधेयक विचाराधीन रहेकाले आशावादी हुने ठाउँ रहेको उहाँको भनाइ छ । योगमाया विदुषी आयुर्वेद विश्वविद्यालयसम्बन्धी विधेयक यसअघि नै पारित भइसकेको छ ।

राज्यका तीन अङ्गहरू कार्यपालिका, व्यवस्थापिका र न्यायालयबीच समन्वय र सहकार्य बढाउनुपर्नेमा जोड दिने राज्यमन्त्री प्रमिला कुमारीले गत चैत ५ गते सम्पन्न उपराष्ट्रपति पदको निर्वाचनमा उम्मेदवार भई वर्तमान उपराष्ट्रपति रामसहाय प्रसाद यादवलाई समर्थन गर्दै उम्मेदवारी फिर्ता लिनुभएको थियो ।

त्यसपछि उहाँलाई शिक्षा राज्यमन्त्रीको जिम्मेवारी दिइएको हो । जनता समाजवादी पार्टीका पोलिटब्युरो सदस्य राज्यमन्त्री प्रमिला कुमारी आफ्नो आगामी यात्रा सक्रिय राजनीति नै हुने बताउनुहुन्छ ।

राज्यमन्त्री प्रमिला कुमारी महिलाहरूले उचित जिम्मेवारी पाएमा पुरुषले भन्दा राम्रो र इमानदारपूर्वक सम्पादन गर्न सक्छन् भन्ने उदाहरण आफूले प्रस्तुत गरेको बताउनुभयो । उहाँले सञ्चारकर्मीले पनि राजनीतिमा लागेका महिलाहरूका लागि त्यस दृष्टिकोणबाट सहयोग गर्नुपर्ने आग्रह गर्नुभयो ।

मुलुकको सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता, समावेशीता, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय र समाजवादप्रति निष्ठापूर्वक सधैँ समर्पित हुन पाउने उहाँको अभिलाषा छ ।रासस

# कुटानी मिलमा दक्ष कामदारको अभाव

**टुडे समाचारदाता**



टीकापुर । कैलालीको टीकापुर नगरपालिकाभरि सयभन्दा बढी कुटानी पिसानी र पेलानीको काम गर्ने मिल सञ्चालनमा छन् । ती विद्युतीय मिलमा कामदार भने दक्षअर्थात् तालिमप्राप्त छैनन् । यहाँका मिल व्यवसायीलाई कामदार पाउनसमेत समस्या हुने गरेको उनीहरुको गुनासो छ ।

कामदारले अनुभवका आधारमा काम गर्छन् । यसरी प्राविधिक ज्ञान नसिकेर काम गर्दा सुरक्षा जोखिम रहन्छ तर पनि यहाँका कामदारले तालिम पाउन सकेको देखिँदैन । विसं २०५३ सालदेखि टीकापुरको सत्तीमा प्रभा राइस मिल सञ्चालन गर्दै आएका वीरेन्द्र शाहले मिल व्यवसायीका समस्या धेरै रहेका बताए ।

"मिस्त्री सबै तालिम प्राप्त छैनन्, काम गर्दागर्दै अनुभव बटुलेकालाई काममा लगाउनुपर्छ", उनले भने, "यिनै मिस्त्री पाउन पनि समस्या रहेको छ । पछिल्ला केही वर्षयता गाउँगाउँमा मिलको संख्या धेरै भएकाले काम कम पाइने समस्या छ । काम कम पाइने, करिब छ वर्षदेखि दररेट वृद्धि नभएकाले मिल व्यवसायी घाटामा छौँ ।" मिल बिग्रिएमा पाटपुर्जा महँगो पाइने, मर्मतमा समेत खर्चिलो रहेको मिल व्यवसायीको गुनासो छ । मिल व्यवसायी शाह पालिकाले दररेट तोकिदिनुपर्ने, कामदारलाई तालिम दिनुपर्ने माग गरे । "मिस्त्रीका दक्षता र सुरक्षाका लागि तालिम आवश्यक छ । हामीले माग गरिरहेका छौँ", उनले भने, "अहिले मिल सञ्चालन गर्न कठिन छ । जुन सञ्चालक आफैँले मिस्त्रीको काम गर्नुहुन्छ, उनको मिलमात्र अलि चलेको देखिन्छ, कामदार राखेर चलाउन निकै कठिन छ । आम्दानी खासै छैन ।"

मिल व्यवसायी समिति टीकापुरका अध्यक्ष सुरत रावल न्यौपाने मिलमा काम गर्ने सबै कामदार तालिमप्राप्त नभई अनुभवका आधारमा काम गरिरहेका कार्यरत रहेका र मिल व्यवसायीका समस्यामा कतैबाट सहयोग नमिलेको बताउछन् । "हामी सङ्गठित भएका छौँ, सङ्गठित भएर पनि केही गर्न सकेका छैनौँ", उनले भने, "पाँच जति ठूला मिल छन्, उनीहरुले यहाँ उत्पादित चामल, गहुँको पिठो कुटानी, पिसानी गरेर अन्यन्त्र निर्यात पनि गरिरहेका छन् । अन्य मिल गाउँका किसानलाई राहत दिनका लागि सञ्चालनमा छन् ।"

अध्यक्ष रावल मिल सञ्चालनका क्रममा दुर्घटना भएमा सञ्चालक आफैँले बेहोर्नु परिरहेको बताउछन् । "यसअघि पनि मिलको पट्टामा बेरिने, चोटपटक लाग्नेजस्ता केही घटना भएका छन्", उनले भने, "घटना भएमा मिल सञ्चालक आफैँले बेहोर्नुपर्ने समस्या छ ।" मिल व्यवसायीले सेलरमा धान कुटेको प्रतिक्विन्टल रु १५०, होलरमा प्रतिक्विन्टल रु १००, तोरी पेलानीको प्रतिकिलो रु १० र पिसानीको प्रतिकिलो रु पाँच शुल्क लिने गरेका छन् ।

# महिला टोली कालापत्थरतर्फ प्रस्थान

**टुडे समाचारदाता**

काठमाण्डु । जलवायु परिवर्तनका कारण हिमाल पग्लिएको र यसले स्थानीय समुदायमा पारेको असरका विषयमा विश्व समुदायको ध्यानाकर्षण गराउने नेपाली महिलाको टोली कालापत्थरतर्फ प्रस्थान गरेको छ ।

जलवायु परिवर्तन तथा महिला सशक्तीकरणका क्षेत्रमा काम गर्दै आएको सामाजिक संस्था साथसाथैले अन्तर्राष्ट्रिय महिला दिवस २०२४ सगरमाथा क्षेत्रको कालापत्थरमा मनाउने भएको हो ।



विभिन्न क्षेत्रमा अग्रणी भूमिकाका रहेका २५ जना महिलाको टोली बिहीबार बिहान काठमाडौँबाट प्रस्थान गरेको हो ।

उनीहरुलाई युएन वुमका नेपाल प्रतिनिधि प्याट्रिसिया फर्नान्डेज-पचेकोले अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलमा बिदाइ गरे । जलवायु परिवर्तनले सगरमाथा क्षेत्रमा पारेको असर र हिमाली समुदायले सामना गर्नुपरेका चुनौतीका विषयमा राष्ट्रिय-अन्तर्राष्ट्रिय निकायको ध्यानाकर्षण गराउन समाजका विभिन्न क्षेत्रका प्रतिष्ठित महिलाको समूहले लुक्लाबाट कालापत्थरसम्म पदयात्रा गर्न लागेको हो ।

साथसाथैका अध्यक्ष प्रजिता कार्कीका अनुसार लुक्लाबाट कालापत्थरसम्म पदयात्रा गर्ने र विभिन्न स्थानमा स्थानीय तहका जनप्रतिनिधि र समुदायसँग जलवायु परिवर्तनले पारेको असरबारे अन्तर्क्रिया गर्ने कार्यक्रम रहेको छ ।

उनले भने, "हामीले विगत तीन वर्षदेखि अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा' वुमन युनाइटेड फर क्लाइमेट जस्टिस' (जलवायु न्यायका लागि महिला एकता) भन्ने नारासहित १८ हजार ५१९ फिट उचाइमा रहेको कालापत्थरमा पुगेर राष्ट्रिय-अन्तरष्ट्रिय निकायको ध्यानाकर्षण गराउँदै आएका छौँ ।

यसपटक पनि हामीले जलवायु परिवर्तनका कारण हिमाल पग्लिँदा हिमालको फेदमा बस्ने समुदायले भोग्नु परेका समस्या र समाधानका उपायहरुबारेमा पनि विज्ञ र सरोकारवाला निकायसँग अन्तर्क्रिया गर्नेछौँ ।"

साथसाथैले विभिन्न क्षेत्रमा अग्रणी भूमिकामा रहेका २५ जना महिलालाई लिएर यही फागुन १७ गते काठमाडौँबाट लुक्लातर्फ प्रस्थान गर्ने, फागुन १९ गते स्याङ्बोचेमा 'जलवायु न्यायका लागि सरकार र समुदायलाई जोड्न महिला सशक्तीकरण' भन्ने नारासहित स्थानीय जनप्रतिनिधि र स्थानीय समुदायसँग अन्तर्क्रिया कार्यक्रम गर्ने अध्यक्ष कार्कीले जानकारी गराएका छन्। उनले भने, "स्याङबोचेमा कार्यक्रमपछि पदयात्रा गर्दै ८ मार्चमा कालापत्थरमा पुगेर राष्ट्रिय-अन्तर्राष्ट्रिय समुदायलाई हिमाल पग्लिँदा समुदायमा परेको असर, कृषि र पर्यटन क्षेत्रमा परेको मारलगायतका विषयमा ध्यानाकर्षण गराउने छौँ ।"

यसअघि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि सोलुखुम्बुको स्याङ्वोचेमा पुगेर हिमाल पग्लिरहेको विषयप्रति विश्व समुदायको ध्यानाकर्षण गराएका थिए । संयुक्त राष्ट्रसङ्घले 'इन्भेस्ट इन वुमन : एक्सलेरेट प्रोग्रेस' (गतिशील प्रगतिका लागि महिलामा लगानी' भन्ने मूल नाराका साथ अन्तर्राष्ट्रिय महिला दिवस २०२४ मनाइरहेको छ ।

**माईग्रेशन हरायो**

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट सिराहा जाने क्रममा मिति २०८०।१०।१० गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।
**नाम : हरि किशन सिंह**
**सिम्बोल नं.:** २१६०५४८७
**रजिष्ट्रेशन नं.:**७८२१६०५०००९
**ठेगानाः मिर्चैया न.पा., सिरहा**
**मो.नं.**९८४२८५०८१९

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| वृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको पिपरा गाउँपालिका-६ स्थित रतौली गाउँमा रहेको ईंटा भट्टामा मजदुरले पकाउनका लागि तयार गरेको ईंटाहरू। तस्बिर : रासस

# रातु नदीमा उत्खनन कार्य विरुद्ध अदालतमा रिट दायर

**टुडे समाचारदाता**

जनकपुरधाम । रातु नदी उत्खननको विषयलाई लिएर स्थानीय राजनीति दलहरुले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छन् ।

वातावरण तथा पर्यावरणलाई असर पार्ने गरी मापदण्ड विपरीत बर्दिवासस्थित रातु खोलाको विभिन्न खण्डमा अवैध उत्त्खनन भएको भन्दै बिहीबार दलहरुले संयुक्त रुपमा मुद्दा दर्ता गरेका छन् ।

वातावरणमा प्रतिकुल असर पार्नेगरी आईई रिपोर्ट बनाएको, मापदण्डविपरीत नदिजन्य पदार्थ उत्त्खनन गरेको, स्थानीय सरकारले नै अवैध दोहनमा पक्षपोषण गरेको जस्ता प्रश्न उठाएर मुद्दा दायर गरिएको छ ।

नेकपा माओवादी केन्द्र, नेकपा एमाले, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टीसहितका प्रतिनिधिहरुले १२ वटा कार्यालयहरुलाई विपक्षी बनाएर उत्प्रेषणयूक्त परमादेशको आदेश माग गर्दै रिट दायर गरेक





छन् ।

दायर गरिएको रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वन तथा वातावरण मन्त्रालय, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला समन्वय समिति महोतरी, बर्दिबास नगरपालिकाको कार्यालय, जिल्ला प्रशासन कार्यालय महोत्तरी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय मधेश प्रदेश, देव विष्णु कन्टक्सन एण्ड सप्लायर्स प्रा.लि., राजेश एण्ड ब्रदर्श निर्माण तथा सप्लायर्स प्रा.लि. दोलखा जिल्ला भिमेश्वर नगरपालिका र राष्ट्रपति तराई मधेश चुरे संरक्षण विकास समिति सातादोवाटो ललितपुरलाई विपक्षी बनाएको छ ।

सो रिटमाथि यही फागुन २० गते नै पेशी तोकिएको निवेदकको तर्फबाट बहस गर्ने अधिवक्ता पदम बहादुर श्रेष्ठले जनाएका छन् ।

# चुरे क्षेत्र संरक्षणका लागि सचेतना जाउँदै अभियन्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे तथा वनजंगल संरक्षण अभियानका अध्यक्ष सुनिल यादवले चुरे क्षेत्रमा बढ्दो अतिक्रमणका कारण वनजंगलको विनाश बढ्दै गएको प्रति चिन्ता व्यक्त गरेका छन् ।

बर्दिबासमा बिहीबार चुरे स्थलगत अन्तरक्रिया तथा सचेता कार्यक्रममा बोल्दै अध्यक्ष यादवले चुरे क्षेत्रमा बढ्दो अतिक्रमण तथा विनाशका कारण चुरे क्षेत्र मरभूमिमा परिणत हुँदै गएको छ भने पानीको मुहानसमेत सुक्न थालेकाले जल, जंगल, जमिनको संरक्षण अपरिहार्य रहेको बताए ।

उनले तराई-मधेशमा गर्मीयाममा पानीको मुलस्रोत सुकिरहेको र चुरे क्षेत्रमा मानवीय वस्ती बढ्दा चुरे अतिक्रमण बढिरहँदा सरोकारवाला पक्षको बेवास्ताले आउने दिनमा जोखिम बढ्दै जाने भएकाले यसप्रति सजग रहन सचेत गराए ।

सो कार्यक्रममा वन तथा वातावरण मन्त्रालय मधेश प्रदेशका पूर्वसचिव नन्दलाल राय यादवले चुरे क्षेत्रको संरक्षण भएमा मावनीय जीवनसमेतको संरक्षण हुने भएकाले यसप्रति सरोकारवाल गम्भीर हुन जरुरी रहेको बताए ।

सो कार्यक्रममा चुरे उत्थानशील परियोजनाका लेखा प्रमुख देवकुमार यादव, समाजिक अभियन्ता शंकर फुयाल, निरज दाहाल, विशाल बस्नेत, समाजसेवी ई. संजय साह, अभियन्ता सुनिल साह, शान्या चौधरी र शर्मिला चौधरीले चुरे क्षेत्रको सरंक्षण जिवजन्तु तथा मानवीय सभ्यताका लागि अपरिहार्यता रहेको भन्दै आ-आफ्ना विचार राखेका थिए ।

# मधेसमा पिउने पानी र सिँचाइको व्यवस्था गराउन सरकारको ध्यानाकर्षण

**टुडे समाचारदाता**

काठमाण्डु । तराई-मधेस क्षेत्रमा पिउने पानी तथा सिँचाइको अभावका कारण जनता प्रभावित भएको विषयमा सांसदले सरकारको ध्यानाकर्षण गराएका छन्। राष्ट्रियसभाको विहिबारको बैठकको शून्य समयमा सांसद तुलसाकुमारी दाहालले मधेसका जनतालाई शुद्ध पिउने पानीको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराए ।

उनले चुरेको दोहन रोकेर संरक्षण गर्न, मधेसका जलाशयको संरक्षण गर्न तथा अन्न भण्डारको क्षेत्र रहेको मधेसमा सिँचाइको व्यवस्था मिलाउन सरकारसँग आग्रह गरे । सांसद् जगप्रसाद शर्माले विनियोजित बजेट



खर्च नहुने प्रवृत्तिको अन्त्य हुनुपर्ने उल्लेख गर्दै समस्याको समाधान खोज्न सरकारको ध्यानाकर्षण गराए ।सांसद तारामान स्वाँरले सुदूरपश्चिमको विकास र अर्थतन्त्रको मेदरुदण्डमा रहेका सेती र महाकाली लोकमार्ग निर्माणलाई तीव्र बनाउन तथा आगामी आवका लागि बजेटको सुनिश्चितता गराउन माग गरे। सांसद भगवती न्यौपानेले भानुभक्तको जन्मस्थललाई पर्यटकीय स्थलका रुपमा विकास गर्न आग्रह गरे ।

सांसद बिमला घिमिरेले मिटरव्याज पीडित तथा किसानका माग तत्काल पूरा गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद सुमित्रा विसीले जाजरकोटका भूकम्पपीडित पालभित्र बस्न बाध्य रहेको उल्लेख गर्दै तत्काल आवास पुनःनिर्माणको प्रक्रिया अघि बढाउन सुझाव दिए ।

# प्रतिष्ठानले मनायो प्रथम वार्षिकोत्सव





**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रज्ञा प्रतिष्ठानले विभिन्न कार्यक्रम गरी प्रथम वार्षिकोत्सव मनाएको छ ।

जनकपुरधाममा बिहीबार प्रतिष्ठानले प्रथम वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको कार्यक्रममा मिथिला चित्रकला, मूर्तिकला र परम्परागत गीतको संरक्षण प्रवर्द्धनमा योगदान पुर्‍याएका तीनजना श्रष्टालाई दोसल्ला ओढाइ सम्मान गरिएको छ ।

सम्मानित हुनेहरूमा मिथिला चित्रकलातर्फ जनकपुरधाम उपमहानगरपालिका-३ बस्ने मिथिलेश्वरी देवी कर्ण, मूर्तिकलातर्फ धनुषाको धनौजी गाउँपालिका बहुअर्वा बस्ने मूर्तिकार योगेन्द्र पण्डित र लोक गायनतर्फ सप्तरीको छिन्नमस्ता गाउँपालिका बस्ने वीरपुरका लोकगायक विष्णु यादव रहेका छन् ।

त्यस्तै सो वार्षिकोत्सव कार्यक्रममा यस क्षेत्रमा बसोबास गर्ने विभिन्न संस्कृतिसँग सम्बन्धित जातजातिहरूको नृत्य तथा संगीतका साथै वाद्यबाजाहरु प्रदर्शन गरिएको थियो ।

सो कार्यक्रममा मैथिली, थारु, तामाङ जातीको भेषभूषसहितको गीतहरूसमेत प्रदर्शन गरिएको थियो ।

यसै अवसरमा मधेश प्रज्ञा प्रतिष्ठानले प्रकाशित गर्दै आएको त्रैमासिक प्रज्ञा दर्पणको लोकार्पण समेत गरेको छ ।

प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीले प्रतिष्ठानले यस क्षेत्रको ६ वटा विधाको संरक्षणका साथै अनुसन्धान तथा खोजको कामलाई अगाडि बढाइरहेको बताए । उनले मधेशको इतिहास लेखनको काम शुरु भइसकेको पनि बताए ।

सो कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले कला, साहित्य, संस्कृति र संस्कारको संरक्षणमा प्रतिष्ठानले खरो रुपमा काम गर्न जरुरी रहेको बताए ।

सो कार्यक्रममा प्रतिष्ठानका सदस्य दिनेश यादव, प्रतिष्ठानका कार्यालय प्रमुख दानीकान्त झा, त्रिभुवन विश्वविद्यालय केन्द्रीय मैथिली विभागका पूर्व विभागाध्यक्ष परमेश्वर कापरिसहितका वक्ताहरूले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीले प्रतिष्ठानले यस क्षेत्रको ६ वटा विधाको संरक्षणका साथै अनुसन्धान तथा खोजको कामलाई अगाडि बढाइरहेको बताए । उनले मधेशको इतिहास लेखनको काम शुरु भइसकेको पनि बताए ।

# अर्थतन्त्रलाई थप गतिशील बनाउनुपर्नेमा सांसदको जोड

**टुडे समाचारदाता**

काठमाण्डु । सांसदहरुले मुलुकको अर्थतन्त्रलाई थप गतिशील बनाउन सरकार र निजी क्षेत्रको साझेदारितालाई फराकिलो बनाएर लैजानुपर्नेमा जोड दिएका छन् ।

राज्य व्यवस्था तथा सुशासन समितिको विहिबारको बैठकमा सम्पत्ति शद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागको कामकारबाहीका सम्बन्धमा छलफलका क्रममा सांसदहरुले राजस्व चुहावट नियन्त्रण, सम्पत्ति शुद्धीकरण र कर छलिबारे नकारात्मक धारणा बनिरहेको भन्दै यसका लागि नीतिगत सुधार जरुरी भएको उल्लेख गरे ।

सांसदहरुले राजस्व विभाग र सम्पत्ति शुद्धिकरणको विषयलाई प्रविधिमैत्री र प्रभावकारी बनाउन भनिरहँदा निजी क्षेत्रका व्यवसायीले भने नियमनकारी निकायको दोहोरो तेहोरो दबदबा, व्यवसायीलाई प्रोत्साहन गर्ने कानुनअभाव जस्ता गुनासा पोखे । जवाफमा सांसदहरुले दुबै विभागका कामलाई चुस्त र प्रभावकारी बनाउन एवं व्यवसायमैत्री वातावरण बनाउन सरकार र निजी क्षेत्र दुबैको प्रभावकारी समन्वय तथा सहकार्य जरुरी भएको औँल्याए ।

समितिका सदस्य एवं नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले राजस्व चुहावट नियन्त्रण गर्न र दुबै विभागको कामलाई प्रभावकारी बनाउन समयानुकूल कानुन निर्माण जरुरी भएको बताए । नेकपा (माओवादी केन्द्र) का मुख्य सचेतक हितराज पाण्डेले राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण विभागको कामलाई प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिए ।

नेकपा (एमाले) का उपमहासचिव पृथ्वीसुब्बा गुरुङले कानुनी त्रुटि सुधारेर विभागका कामलाई पारदर्शी र प्रभावकारी बनाइनुपर्ने धारणा राखे । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले उद्योगी व्यवसायमैत्री वातावरण बनाउन सरकारले ध्यान दिनुपर्ने खाँचो औँल्याए । सांसदहरु दिलेन्द्रप्रसाद बडू, रघुजी पन्त, चन्दा कार्की, सर्वेन्द्रनाथ शुक्ला, राजेन्द्रप्रसाद पाण्डे, सरिता प्रसाइँ, अम्बिका बस्नेत, दुर्गा राई, बुद्धिमान तामाङलगायतले अर्थतन्त्रलाई गतिशील बनाउन कानुनी सुधार गर्दै लगानीमैत्री वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराए ।



कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले आर्थिक मुद्दामा सबै राजनीतिक दल एकताबद्ध हुनुपर्ने र समग्र अर्थतन्त्रमा निजी क्षेत्रलाई विश्वासको वातावरण बढाउनेतर्फ ध्यान दिनुपर्ने सुझाव दिए । उनले निजी क्षेत्र प्रोत्साहित हुने नीतिगत र संरचनागत सुधार जरुरी भएको उल्लेख गरे ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले नियमनकारी निकायको बुब्लिकेसनले उद्योगी व्यवसायी र जनताले समस्या भोगिरहेको उल्लेख गर्दै सम्पत्ति शुद्धीकरणको विषय अलग-अलग निकायले हेर्नुपर्ने धारणा राखे । निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले राजस्व परिचालन सही नहुँदा निर्माण व्यावसायको काममा ढिलासुस्ती भएको दाबी गरे । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले धेरै नियमनकारी निकाय हुँदा उद्योगी व्यवसायी समस्यामा पर्नेगरेको भन्दै एकद्वार प्रणालीबाट सेवा प्रवाह हुनुपर्नेमा जोड दिए ।

राजस्व अनुसन्धान विभागका महानिर्देशक नवराज ढुङ्गानाले राजस्व चुहावट नियन्त्रण, अनुसन्धानलाई विश्वसनीय र वस्तुपरक बनाउन विभाग सक्रिय ढङ्गले लागेको बताए । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक पुष्पराज शाहीले आर्थिक सुशासन कायम गर्न विभागले सक्रिय रुपमा काम गरिरहेको बताए प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयका सचिव लीलादेवी गडतौलाले निजी क्षेत्रमैत्री कानुन निर्माणलाई जोड दिएको बताए । उनले सम्पत्ति शुद्धीकरण र राजस्व विभागलाई निजी क्षेत्रमैत्री बनाएर आर्थिक सुशासन प्रवर्द्धनका लागि सहजीकरण गरिएको उल्लेख गरे ।

समितिका सभापति रामहरि खतिवडाले उद्योगी व्यवसायीमैत्री कानुन निर्माण र सेवा प्रवाहका सन्दर्भमा निजी क्षेत्रले भोगेका समस्या तथा समाधानका लागि सरकारी निकायले गरिरहेका पहलका विषयमा समितिले सम्बद्ध पक्षसँग छलफल गरेको बताए । उपयुक्त विषयमा पुनः छलफल गरेर समितिले सरकारलाई आवश्यक निर्देशन दिने उनले उल्लेख गरे । सभापति खतिवडाले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागले व्यवसायमैत्री वातावरणका साथ आफ्ना काम कारबाही अगाडि बढाउन आग्रह गरे ।

यसैबीच समितिको बैठकमा चन्दा कार्कीले 'जब पर्‍यो राति अनि बुढी ताती' भन्ने शब्द प्रयोग गरेपछि सांसद इन्दिरादेवी न्यौपानेले उक्त शब्द रेकर्डबाट हटाउन माग गरेका थिए । लगत्तै सभापति खतिवडाले उक्त शब्द रेकर्डबाट हटाइएको जानकारी दिए ।

# राष्ट्रिय महाधिवेशनमा एउटै दस्तावेजमा छलफल गर्ने नेकपा एसको निर्णय

**टुडे समाचारदाता**


काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले आसन्न १०औं राष्ट्रिय महाधिवेशनमा वैचारिक छलफलका लागि एउटै दस्तावेज प्रस्तुत निर्णय गरेको छ ।

पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा विहिबार सम्पन्न मस्यौदा समितिको बैठकमा पार्टीलाई अझ सुदृढ तथा एकीकृत गर्न एउटै दस्तावेज छलफलमा लैजाने सर्व सम्मतिले निर्णय गरिएको केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । अब केही नेताहरू बीचका वैचारिक मतभिन्नतालाई पनि एउटै दस्तावेजमा समावेश गरी राष्ट्रिय महाधिवेशनमा छलफल गरिने छ ।

यही फागुन १५ गतेदेखि विहिबारसम्म केन्द्रीय कार्यालयमा भएको बैठकमा पार्टीको समाजवादी कार्यक्रमको सैद्धान्तिक दृष्टिकोण, सङ्गठनात्मक कार्यदिशाबारे गहन छलफल भएको थियो । देशको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै विविधताबीचको एकता र सद्भाव प्रवर्द्धनलाई दस्तावेजमा समेटिने प्रचार विभाग प्रमुख खतिवडाले बताए ।

महाधिवेशनमाविधानसम्मेलनमा पारित प्रतिवेदन, राजनीतिक, आर्थिकलगायत प्रतिवेदनमा थप छलफल गरिने छ । मस्यौदामा सुझाव सङ्कलन गर्न जिल्ला तहका कार्यकर्तालाईमस्यौदापठाइसकिएको छ। उनीहरूका सुझाव समावेश गरी तयार गरिने दस्तावेजमा पार्टीको आदर्श, वैचारिक दृष्टिकोण, कार्यदिशा, आगामी दिनमा सञ्चालन गरिने राजनीतिक गतिविधि, कार्ययोजना, राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिस्थितिकासमावेश गरिने छ। दस्तावेज तयारीका लागि पार्टीले अध्यक्ष नेपालको नेतृत्वमा २७ सदस्यीय समिति गठन गरेको थियो ।

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
जनकपुरधाम धनुषा
आर्थिक प्राविधिक प्रस्ताव पेश गर्ने संबन्धि सूचना
प्रकाशित मिति २०८०।११।१८
यस तालिम केन्द्रबाट आ.व. ०८०।०८१ मा संचालन हुने सिप विकास तालिम कार्यक्रम संचालनको लागी २०८०/१०/८ गते प्रकासित सुचना अनुसार आसयपत्र पेश गरी यस तालीम केन्द्रको मिति २०८०।११।१६ गतेको निर्णय अनुसार सूचिकृत भएका संस्थाहरुले सुचिकृत भएका क्षेत्र र तालिमको विषयमा आर्थिक प्राविधिक प्रस्ताव पेश गर्नको लागी तालिम केन्द्रको बेभसाईट बाट RFP प्राप्त गरी २०८०।१२।१८ गते कार्यालय समय भित्र दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना तालिम केन्द्रको वेभसाईट www.vsdtcdhanusha.madhesh.gov.np बाट प्राप्त गर्नुहोला ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सराहनीय कार्य

नेपाल भारतका जनतालाई सहुलियतका लागि कार्यहरु धमाधम भई रहेको छ । केही दिन पूर्व मात्रै नेपाली जनताका लागि भारतमा कुनै प्रमाणका आधारमा सीमकार्ड सहज रुपमा उपलव्ध गराउने निर्णय गरिएको थियो भने अहिले आएर भारतीय जनता नेपालमा आउँदा भारु र नेरु बीच हुने समस्या समाधानका लागि क्युआर कोर्डबाट भुक्तानी गर्ने व्यवस्थाले जनतालाई नेपाल-भारत आवत जावत गर्न सहजता उपलव्ध हुनेछ । नेपाल भारत बीच त्रेता युगकालीन बेटी रोटीको सम्वन्ध रहे पनि यहाँ सामाजिक रुपमा कार्यहरु गरिने गरिएको थियो तर, केही दिन यता जी टु जी माध्ययमले गरिएको कार्यलाई सराहनीय भन्न सकिन्छ । नेपाल भारत बीचमा बेटी रोटीको सम्वन्ध रहे पनि यहाँ सामाजिक र व्यापारिक व्यवहार गरिए पनि जनतालाई सहजताका लागि भने सरकारी स्तरबाट गरिएको प्रयास भन्न सकिन्छ । नेपाल भारत बीचको सीमा नाका खुल्ला रहे पनि राजनीतिका कारण बढ्दै गएको दुरीलाई कम गर्न यो सीमकार्ड र भुक्तानी प्रक्रियाले कम गर्ने विश्वास गरिएको छ । सरकारी स्तरबाट गरिएको यस्ता यस्ता प्रयास कार्यान्वयनमा अलिक ढिलाइ हुन सक्छ तर जनताले निर्धक्क भएर एक अर्काको देशमा घुमफिर सामान्य किनमेल गर्न सकिन्छ । नेपालबाट भारत वा भारतवाट नेपाल आवत जावत गर्दा रुपैयाँ सटही गर्ने समस्याबाट जनताले छुटकारा पाउने छन् । भारतवाट नेपाल आउनेहरुका लागि सीमा नाका कट्ने वितिक्कै उनीहरुको बैंकिङ्ग कारोवार ठप्प हुने गरेका थिए । तर, यी प्रविधिहरु आएपछि उनीहरुको समस्या समाधान हुने देखिन्छ । त्यसमा पनि नेपालमा एक सय भन्दा तलको नोटलाई मात्रै बैध मानिएको छ । सय भन्दा बढीको पाँच सय वा पाँच सय भन्दा बढीको नोटलाई नेपालमा अवैध मानिएका कारण उनीहरु बढी पैसा लिएर आउनुपर्ने बाध्यताको समेत अन्त भएको छ । नेपाल र भारत सरकारबीच यस्ता यस्ता आम जनतालाई सहजता प्राप्तिका लागि गरिएको यस्ता कार्यहरुलाई सराहनीय मान्न सकिन्छ ।

# नागरिकता विहीन दम्पतिका ९ सन्तान, जन्मदर्ता नहुँदा पढाइबाट बञ्चित, साँघुरो घरमा गुटुमुटु बास



राजो सदा

छोराछोरी हुर्किंदै गएपछि राजो सदा (मुसहर)को परिवारलाई सिंगो साँघुरो कोठामा सुत्न सकस हुँदै गएको छ । धनुषाको लक्ष्मीनिया गाउँपालिका २ सिनुरजोडा टोलकी ४५ वर्षीया राजोका ९ जना छोराछोरी छन् । वस्ती मै करिब दुई धुर घडेरीमा छ उनको सानो पक्की घर । त्यो पनि दयनीय अवस्था देखेर चारवर्ष अघि रेडक्रसले बनाइ दिएको । त्यही घरमा राजो पति ठकवा सदा र ७ जना बालबच्चा गुटुमुटु परेर सुत्नु पर्ने बाध्यता छ । बिहे गर्ने उमेर भइसकेका जेठो छोरा २३ वर्षीय रोशन र माहिलो २० वर्षीय अशोक केही वर्ष देखि पडोसीको घरमा सुत्ने गर्छन् । त्यसैमा अन्नपातदेखि सबै राख्नु पर्छ ।

'अपना घरमे सुतमे बड दिक्कत होइ है । त्यैयो ९ गोटे केनाहु केनाहु सुतैछियै । दुटा बेटा दोसरके घरमे सुतै है (आफ्नो घरमा सुत्न साह्रै गाह्रो हुन्छ । ९ जना जेनतेन त्यसमै सुत्छौं । दुई छोरा पडोसीको घरमा सुत्छन्)' राजो समस्या सुनाउँछिन् 'धियापुता रहै त केहुना गुञ्जायस भजाई । आब नै होइ हैं । (बालबच्चा सानासाना हुँदा जसोतसो गुञ्जायस गर्थ्यौं । अब हुन्नँ)'

गरिबी, विपन्नता, अशिक्षा र त्यस माथि बालबच्चा पाल्नु हुर्काउनु पर्ने बोझले थिचिएका छन् ठकाई र राजो । उनको ६ छोरा र तीन छोरी छन् । रोशन र अशोक बाहेक १९ वर्षीया छोरी आशा, १४ वर्षका सरोज, १० वर्षीया लक्ष्मी, ८ वर्षका उतिम, ७ वर्षीया सुनैना, ६ वर्षका राजेश र ४ वर्षीया कान्छी छोरी प्रिती छन् ।

दुई छोरा बिहे गर्ने उमेरका भइसके । छोराको बिहेको चिन्ताले पनि राजोलाई पिरोलिरहन्छ । यधपी जेठो छोराको बिहे गरेर त्यही घरमा बुहारी भित्र्याउन उनी तयार छिन् । तर, छोराको हुन सकिरहेको छैन । जसको मूल कारण हो छोरा रोशन नागरिकता बिहीन हुनु र घरको अभाव ।

'कीकरियै बेटा जवान भगेलै । वियाह त करपरतै । मुदा बेटाके नागरिकताके कारण कोइ बेटी नै दबचाहै है । (के गर्ने छोरा जवान भइसक्यो । विहे त गरिदिनु पर्यो । तर छोराको नागरिकताको कारण कसैले पनि छोरी दिनमानेका छैनन्)' राजो भन्छिन् ।

उनका जोठा छोरा रोशन मात्र होइन, स्वयम् राजो र ठकाइ नै नागरिकता विहीन छन् । जसको कारण उनको ११ जना छोराछोरीको न त जन्मदर्ता छ, न त नागरिकता । छोराछोरीको जन्मदर्ता नहुँदा सबै पढाईबाट बञ्चित छन् ।

'छोराछोरी स्कुल पढ्न जाँदा एडमिसन गर्दैन । भन्छन् जन्मदर्ता लिएर आउ । नत्र घर फर्काइदिन्छन् । छोराछोरीलाई पढाउने कसको इच्छा हुँदैन र !' ठकाइ गुनासो गर्छन् । राजो र ठकाई गाउँघरमै बनि बुता गरी छोराछोरी हुर्काइरहेका छन् । नागरिकता नहुँदा छोरा चाहेर पनि वैदेशिक रोजगारीमा जान पाएका छैनन् । गाउँघरमै जन मजदुरी गर्छन् ।जसले घरको साँझ बिहानको छाँक मात्रै टार्न सकेको छ । अझ् केही प्रगति गर्न नसकेको ठकाइ बताउँछन् ।

राजोलाई माइतले दिएको करिब दुई धुर घडेरीमा विहे भएकै बेलादेखि बस्दै आएकी छन् । राजोको विहे १५ वर्षको उमेरमा धनुषाकै क्षिरेश्वरनाथ नगरपालिका ३ पर्सा पकडिया टोलका ठकाइसित भएको थियो । उनको विहे हुँदा ससुरा बुधन सदा र सासु बितिसकेका थिए । त्यहाँ सकुम्बासी थिए ठकाइ । ठकाई एकल छोरा भएका कारण ससुराली मै वस्न थाले ।

ठकाइका अनुसार बुबा बुधनको नागरिकता थियो । तर, खोजविन गर्दा घरमा भेटिएन । जिल्ला प्रशासन कार्यालयमा कयौं दिन पुगेर ढड्डामा नागरिकता विवरण खोज्ने प्रयास गरे । जसले उनको नागरिकता बन्न सहज हुन्थ्यो । तर, कर्मचारीले बुबाको विवरण नै नभेटेको भनेपछि आफू कयौं दिन निराश भएर फर्केको ठकाईको गुनासो छ ।

'धेरै दिन गएँ सिडिओ कार्यालय । कर्मचारीलाई हारगुहार गेरे ढड्डामा नाम खोजि दिन हाथ जोडे । तर, कर्मचारीले नामै भेटेनभन्यो । सायद राम्ररी खोजेनन् होला । थाकेर छाडिदिएँ' ठकाई भन्छन् । आफ्नो नागरिकता भएको भए छोराछोरीको जन्मदर्ता बनाएर पढाउन र विदेश जान सहजहुन्थे भन्ने उनको आशा छ ।

हुन त राजोको पनि बुबा घुरन सदा र स्वर्गीय आमा घुरनी सदाको नागरिकता छ । तर, उत्ताबाट पनि नागरिकता बनाउने प्रयास भएन । माइतले छोरी राजोको नागरिकता बनाउन चाँसो नदिएको स्थानीय ब्रह्मदेव सदा बताउँछन् । 'राजोको आमाबुबाको नागरिकता छ । यदि बनाइ दिन चाहेको भए सकिन्थ्यो । तर मतलब गरेनन् । आज बालबच्चाको जन्मदर्ता हुन्थ्यो । पढ्न पाउँथे । आमाकै नाममा पनि नागरिकता बनेर छोरा विदेश जान सक्थ्यो । बिहे हुन्थ्यो'ब्रह्मदेवले भने ।

चारवर्ष अघि वर्षासंगै आएको हावाहुरीले खरले छाएको फुसको घर राजोको उडाएको थियो । त्यति बेलाउनको परिवारको बिजोग भएको थियो । सपहीकी पुनम भन्ने व्यक्ति त्यतिबेला आउँदा हिलोमै बालबच्चालाई देखेर राजोको परिवार प्रति दया जाग्यो । र उनले पहल गेरेर रेडक्रसबाट आफ्नो पक्की घर बनाइ दिएको राजोको भनाइ छ ।

'यदि त्योति बेला पुनम दिदीले पहल गरेर घर नबनाइ दिएको भए हाम्रो झन् बेहाल हुन्थ्यो । आज त्यही घरमा जेनतेन हामी बस्छौं' राजो भन्छिन् । नागरिकता नहुँदा र बस्ने घर पनि फराकिलो नहुँदा राजोको परिवारलाई निकै गाह्रो हुने गरेको छिमेक चन्दादेवी सदाले सुनाइन् ।

'नागरिकता जन्मदर्ता नभएर उसको परिवारलाई कसैले मतलब पनि गर्दैनन् । छोरा बिहे गर्ने भए । अरु बालबच्चा पढ्न पाइरहेका छैनन् । घरमा सबैजना सुत्न सकिरहेको छैन' चन्दाले भनिन् 'उनको परिवारलाई सहयोगको एकदमै खाँचो छ'

यता वडाध्यक्ष लालजी साह तेली आमाबुबाको नागरिकता नभए पनि बालबच्चाको जन्मदर्ता हुन सक्ने बताए । त्यसको लागिआफूले पहल गरिदिने उनको भनाइ छ ।

# हामी कसरी समृद्धिको यात्रामा लाग्न सक्छौं ?

**दीपकप्रसाद कुइकेल**

संविधानले निर्दिष्ट गरेको संघीय लोकतान्त्रिक संसदीय प्रणालीका माध्यमबाट आर्थिक समृद्धि हासिल गरी सामाजिक रूपान्तरण गर्नु आज हामी सबै पक्षको दायित्व हुन आएको छ । त्यही उद्देश्यलाई परिपूर्ति गर्न संविधान निर्माणपछि दुई पटक स्थानीय तह, प्रदेश र संघीय निर्वाचन सम्पन्न भइसकेका छन् ।

यद्यपि अघिल्लो पटक विभिन्न खिचातानीका कारण संसद् विघटन गरियो । अदालतका आदेशबाट संविधानमा व्याख्या गरी पुनर्स्थापित संसद्ले नयाँ सरकार गठन ग-यो र दोस्रो स्थानीय तह, प्रदेश र सङ्घीय संसद्को निर्वाचन सम्पन्न ग-यो । दोस्रो पटक निर्वाचन भएको पनि एक वर्ष पूरा भइसकेको छ । नवनिर्वाचित संघीय संसद्, प्रदेश सांसद र संघीय र प्रदेश सरकारहरूले जनतामा आशा, भरोसा र विश्वास जगाउन सकिरहेका छैनन् । यद्यपि बजेट निर्माण र नीति तथा कार्यक्रमको नयाँ शैली सुरु भएको छ । फाल्गुन १४ गते अर्थमन्त्री डा. प्रकाशशरण महतबाट आगामी वर्षको बजेटका सिद्धान्त र प्राथमिकता बारेमा प्रस्ताव पेस गरेका छन् । उक्त प्रस्तावहरूमाथि संसद्मा फागुन २१ गतेबाट छलफल सुरु हुँदै छ ।

देश संघीयतामा गइसकेपछि र तीन तहको सरकार निर्माण भइसकेको अवस्थामा पुरानै शैली र संरचनाबाट जनताको नयाँ आकांक्षा र चाहनालाई परिपूर्ति गर्न प्रायः असम्भवजस्तै देखिएको छ । जनतामा देखिएको निराशा र आक्रोशलाई आशा, भरोसा र विश्वासमा परिणत गर्न नयाँ सोच, नयाँ शैली र नयाँ संरचनाबाट कार्य गर्न आवश्यक देखिन्छ ।

देशको समग्र विकास गर्न, संघीयता कार्यान्वयन गर्न, उत्पादन वृद्धि गर्न, रोजगार सिर्जना गर्न, सेवा सुविधा सहज रूपमा उपलब्ध गराउन र भ्रष्टाचार गर्ने प्रवृत्ति अन्त्यका लागि सातै वटा प्रदेशहरू आ-आफ्नो क्षेत्रमा उत्कृष्ट हासिल गर्दै आफ्नो परिचय र पहिचान बनाउनुपर्छ ।

विकसित राष्ट्रहरूले पनि विभिन्न क्षेत्रमा छुट्टाछुट्टै विषयलाई प्राथमिकतामा राखेर काम गरेको पाइन्छ । छिमेकी मुलुक भारतले गुजरातलाई उद्योग र कलकारखाना, हरियाणालाई कृषि, बैंगलोरलाई सूचना तथा प्रविधि र मुम्बई महाराष्ट्रलाई फिल्म सिटीका रूपमा विकास गरिरहेको छ ।

विविधता नै विविधताले भरिएको हाम्रो देशमा छिटोभन्दा छिटो विकास गर्न केन्द्रीय सरकारबाट अन्य नियमित नीति तथा कार्यक्रमका अलावा निम्न विषयलाई आगामी नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्न जरुरत छ ।

१) संघीय सरकारले एक प्रदेश एक पहिचान कार्यक्रम घोषणा गर्ने, सबै निकायहरूको बजेट सोही क्षेत्रमा विनियोजन गर्न लगाउने र घोषित कार्यक्रममा लगानी गर्ने निजी क्षेत्रलाई तीनै तहका सरकारबाट कर छुट दिने लगायत सुविधा मिलाउने ।

२) मधेस र लुम्बिनी प्रदेशमा कृषि, उद्योग र पर्यटनलाई लक्षित गरी सबै क्षेत्र र निकायको बजेट विनियोजन गर्ने ।

३) कर्णाली र सुदूरपश्चिममा जलविद्युत्, जडीबुटी र पर्यटनलाई लक्षित गरी सबै क्षेत्र र निकायको बजेट विनियोजन गर्ने ।

देश संघीयतामा गइसकेपछि र तीन तहको सरकार निर्माण भइसकेको अवस्थामा पुरानै शैली र संरचनाबाट जनताको नयाँ आकांक्षा र चाहनालाई परिपूर्ति गर्न प्रायः असम्भवजस्तै देखिएको छ । जनतामा देखिएको निराशा र आक्रोशलाई आशा, भरोसा र विश्वासमा परिणत गर्न नयाँ सोच, नयाँ शैली र नयाँ संरचनाबाट कार्य गर्न आवश्यक देखिन्छ ।

४) कोशी र गण्डकीमा जलविद्युत्, फलफूल र पर्यटनलाई लक्षित गरी सबै क्षेत्र र निकायको बजेट विनियोजन गर्ने ।

५) वागमती र उपत्यका (राजधानी)मा सेवा उद्योगलाई लक्षित गरी सबै क्षेत्र र निकायको बजेट विनियोजन गर्ने ।

६) संघीय राजधानी

काठमाडौं उपत्यका दिनानुदिन अव्यवस्थित हुँदै गइरहेको छ । काठमाडौं उपत्यका देशको राजधानी मात्र नभएर देशको अनुहार पनि हो । काठमाडौं उपत्यकाभित्र रहेको काठमाडौंको मुख्य सहर, पाटन, भक्तपुरजस्ता संस्कृति र सम्पदाले भरिपूर्ण पुराना सहर (ठिमी, बोडे, बुङमती, चापागाउँ, कीर्तिपुर, टोखा र साँखु आदि), पुराना बस्तीहरू र त्यहाँ रहेका सम्पदा, संस्कृति र समुदायलाई संरक्षण गरिनुपर्छ ।

अनियन्त्रित रूपमा भइरहेको सहरीकरणलाई व्यवस्थित गर्नुका साथै शिवपुरी, फुल्चोकी, गोदावरी, चन्दागिरी र नगरकोटमा रहेका जलाधार क्षेत्रलाई संरक्षण गर्दै उपत्यकाको वातावरणलाई स्वच्छ सफा र हराभरा कायम राख्नुपर्नेछ । उपत्यकाभित्रका स्थानीय तह, प्रदेश सांसद र प्रदेश सरकार र संघीय सांसदहरुको साथ लिएर संघीय सरकारले काठमाडौं उपत्यकाको नीति निर्माण गर्न, एकीकृत योजना तर्जुमा गर्न, त्यसको समन्वय गर्न, अनुगमन गर्न र विशेष योजना सञ्चालन गर्न आवश्यक छ । एकापसको दोहोरोपन हटाउन उस्तै-उस्तै काम गर्ने संरचनाहरू (उपत्यका विकास प्राधिकरण, वागमती आयोजना आदि) खारेज गरी ती निकायले गरेका कामसहित गर्ने गरी सबै तहका जनप्रतिनिधि र विशेषज्ञ रहने गरी एक विशेष संरचना 'उपत्यका एकीकृत विकास परिषद्' गठन गरी एकीकृत रूपमा कार्य गर्नुपर्ने देखिन्छ ।

७) सबै तहको अस्तित्व र पहिचानलाई कायम राख्न नेपाल सरकारका सबै मन्त्रालय र केन्द्रीय निकायले दश करोडभन्दा कमको योजना तर्जुमा र सञ्चालन गर्न नलगाउने, प्रदेश सरकारका मन्त्रालय र निकायले एक करोडभन्दा कमको योजना तर्जुमा र सञ्चालन गर्न नलगाउने; हाल सञ्चालनमा रहेका एक करोडदेखि दश करोडसम्मका सबै योजना संघले सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्ने, हाल सञ्चालनमा रहेका एक करोडभन्दा कम रकमको केन्द्र र प्रदेशका सबै योजना सम्बन्धित पालिकामा हस्तान्तरण गर्ने । (लेखक संविधानसभा सदस्य हुन् ।)

# छाडा चौपाया व्यवस्थापनको चुनौती



शुक्रऋषि चौलागाई

सनातन धर्म मान्नेहरूले जनावरलाई भगवान्सरह मान्दछन् । तिहारमा गाई, कुकुर, गोरुलाई पूजा गर्ने पनि गर्दछन् तर अघिपछि तिनै जनावरलाई घरबाट बाहिर छाडिदिने, लखेटिदिने पनि गरेको पाइन्छ । पशुधनीले गोठबाट निकालेका/छाडेका चौपाया नै सडक, चोकमा आएका हुन् । छाडा चौपायाको व्यवस्थापन नै अहिले मुख्य टाउको दुखाइको विषय बनेको छ । लुम्बिनी प्रदेशका ठूला सहर नेपालगञ्ज, बुटवल, भैरहवा, तुलसीपुर, तौलिहवा, घोराही, कोहलपुर, परासीलगायतका सहरका लागि अहिले मुख्य चुनौतीका रूपमा छाडा चौपाया रहेको छ । सहर र राजमार्ग छेउछाउमा गाई, गोरुलगायतका छाडा चौपायाको बिगबिगी छ । नेपालगञ्जमा त झन् गाईगोरुसँगै गधा, घोडासमेत सडकमै देखिन्छन् । छाडा चौपायाहरू सवारीसाधन नै अवरुद्ध हुनेगरी बस्ने गरेका छन् । छाडा चौपायाका कारण दुर्घटनाको जोखिम पनि बढ्दो छ । छाडा चौपाया नियन्त्रणमा स्थानीय सरकार उदासिन भएको भन्दै सामाजिक सञ्जालमा आक्रोश व्यक्त गरिएको पाइन्छ । छाडा चौपायाको नियन्त्रण र व्यवस्थापनमा पालिकालाई थप सकस भइरहेको छ ।

### गाई/गोरूको महत्व

हिन्दू र गाई/गोरु परिपूरक हुन्भन्दा हुन्छ । गाईबिना हिन्दू र हिन्दूबिना गाई परिकल्पना गर्न सकिन्न । अर्कोतिर गाई गुण नै गुणले भरिपूर्ण जनावर पनि हो । गाईलाई हिन्दू धर्ममा लक्ष्मी पनि भनिन्छ । यमपञ्चकको तेस्रो दिन लक्ष्मीको रूपमा गाईलाई पुजिन्छ पनि । गाईबिना स्वर्ग गइँदैन भन्ने मान्यताअनुसार हिन्दूहरूले जीवनको अन्तिमकालमा गौदान गर्ने गर्दछन् । गरुड पुराणअनुसार गाईको पुच्छर समातेर हिन्दूहरू बैतरणी नदी तरी स्वर्ग जान्छन् भन्ने विश्वास छ । गाई पूजाले करोडौंको धर्म हुन्छ भन्ने मान्यता पनि छ ।

हिन्दूहरूका हरेक खाले संस्कारमा गाईको गउँत प्रयोग गरिन्छ । विशेषतः शुद्ध हुनलाई गउँत चाहिन्छ । पवित्र कार्यमा शुद्ध पार्न गाईको गोबर पनि चाहिन्छ । गाईको दूध सबैभन्दा पोसिलो हुन्छ । गाईको दूध बालबालिका र वृद्धवृद्धाको लागि झनै फाइदाजनक हुन्छ । खेतीपातीको लागि गाई/गोरुको गोबर/गहुँत मलिलो मानिन्छ । हिन्दू धर्मालम्वीहरूले गोरुलाई पनि पूजा गर्दछन् ।

गोरु पनि सडकमै छाडिएको पाइन्छ । मुख्यतः खेतबारी जोत्नको लागि प्रयोग गरिने भए पनि अन्य समयमा पाल्न गाऱ्हो हुने भएपछि गोरु पनि सडकमै छोडिएको हो । जग्गा जोत्न गोरुको छुट्टै भूमिका हुन्छ । सडकमा छाडिएका साँडेको पनि आफ्नै महत्व छ । भगवान शिवजीको बाहन नन्दी भनी पूजा गर्ने गरी आशीर्वाद माग्ने चलन छ । गाई, गोरुको मललाई परम्परागत मलका रूपमा लिइए पनि खेतीबाली अन्न उब्जनीमा यसको प्रभावकारिता देखिन्छ । अर्गानिक मलका रूपमा यसले व्यापकता पाउँदै गएको छ । गोवर र गौ मूत्रबाट पनि आर्थिक लाभ लिन सकिन्छ । आयुर्वेदका अनुसार गौमुत्रबाट क्यान्सरलगायतका बिरामीले लाभ लिन सक्ने बताइएको छ । पछिल्लो समय वैज्ञानिकहरूले यसको पुष्ट पनि गरेका छन् ।

### किन छाडिन्छन् गाई/गोरू ?

पशुधनीले आफूले पालेका चौपाय किन सडकमा पुऱ्याउन्छन ? पशुरुहरू किन सडकमा ल्याइए ? पछिल्लो समय सडकमा विशेषगरी गाई, गोरु छोडने चलन बढ्दैछ । दूध देउञ्जेल पाल्ने, दूध दिन छाडेपछि गाई सडकमा छाडिदिने चलन छ । बाच्छी दूधका लागि पाल्ने तर बाच्छाहरू सडकमै पुऱ्याइदिने पनि गरिन्छ । चाड पर्ब तथा सामाजिक कार्यमा गाई चाहिने हाम्रो समाज, गाई मर्दा भने रमिते झैं हुन्छ । नाग पञ्चमीमा गोबर खोज्न हिड्ने । नागलाई दूध चढाउने । पितृ कार्य, बैबाहिक कार्य सबै काममा गाई चाहिने अनि एक मुठा घाँस दिएर पाल्न भने तयार नहुने, अचम्मको छ- हाम्रो समाज । पितृ उद्दारमा हजारौं रुपिया दान दिन तयार छ । एउटा भोको गाईलाई खुवाउन तयार छैन । भैंसी किन सडकमा छाडा छोड्दैनन् ? बाख्रा किन छाडा छोडिएन ? किनभने भैंसीको मासु खान्छन् । बाख्राको पनि मासु बिक्री हुन्छ । नगद आउँछ । तर गाईबाट के मिल्छ ?

गाई/गोरु घरपालुवा जनावर हो । जहाँ छाडे पनि यो बस्ती छेउकै सडकमा आउँछ । यिनीहरूले सुख्खा ठाउँ मन पराउँछन् । त्यही भएर सडकमै बस्छन् । अहिले सडकका गाई वस्तु नियन्त्रण गर्दै काञ्जीहाउसमा पुऱ्याइए पनि सडकमा वेवारिस अवस्थामा छाडिने गाई गोरुको स⸗ृयामा कमी आएको छैन । पशु धनीको पहिचानको अभावमा अहिले छाडा पशु बढेको हो । बजार सडकमा गाई/गोरु कति छन् ? भन्ने नै यकिन छैन । पछिल्लो समय त भारतीय सीमाबाट पनि गाई, गोरुहरू आएको अनुमान गरिएको छ । काम लाग्दाको भाँडा नचाहिंदाको ठाँडा भने झैं काम छउन्जेल गाईवस्तु पुज्ने, पाल्ने अनि काम सकिए, सडकमा फ्याँकीदिने प्रवृत्ति छ । यो हिन्दू मात्र हैन, मानव संस्कृति पनि होइन ।

### व्यवस्थापनको पहल खै ?

जहाँ समस्या छ, त्यहाँ समाधान पनि छ । समाधान बिनाको समस्या कहीं हुँदैन । छाडा चौपायाको पनि समाधान छ तर पुरानै सोच र शैलीले मात्र सम्भव छैन । अहिलेको चुनौती भनेको गाई वस्तुलाई सडकमै आउन नदिनु र आएकालाई संरक्षण गर्नु नै हो । सडकका गाई वस्तु काञ्जीहाउस/आश्रयस्थल पुऱ्याएर मात्र पालिकाको दायित्व पूरा भएको ठहरिदैन । कतिपय पालिकाले पशु पक्रने र कान्जीहाउस पुऱ्याउने गरिरहेकै छन् तर यो दीर्घकालीन उपाय हैन । काञ्जीहाउसमा राखिएका गाई खानै नपाएर मरिरहेका समाचार पनि बेलाबेला आइरहेको छ । खान नपाएर पेट्मा ग्यास भरिएर उपचारमा समेत समस्या आएको छ । काञ्जीहाउस ठेक्का प्रक्रियामार्फत सञ्चालन गरिनुपर्छ ।

पशु सडकमा आउन नदिन र आएका पशु नियन्त्रण गर्न नयाँ सोच र विधि अपनाउन जरुरी छ । स्थानीय कानुन समेत बनाउन सक्ने सरकारले सम्वद्ध विज्ञ र सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा पहलकदमी लिन अब ढिलाई गर्नु हुँदैन । प्रथमतः सडकमा पशु छोड्नै दिन हुँदैन । छाडा पशुलाई कारवाही हैन, पशुधनीको पहिचान गरेर निजलाई कारवाही गरिनुपर्छ । कारवाहीका लागि नयाँ मापदण्ड पनि बनाइनु पर्छ । पशु चौपाया पालनमा पनि मापदण्ड बनाउनु पर्ने हुन्छ । अनुमतिबिना गाईलगायतका चौपाया पालन गर्न बजार क्षेत्रमा रोक लगाइनु पर्छ । जनावरको 'ट्याग' गरेर लगत राख्ने अनि पशुधनीलाई कारबाहीको दायरामा ल्याउने गर्नु पर्छ । गाई/गोरुलाई सडकमा छाडेर पशु धनीले हिंसामाथि हिंसा गरिरहेका छन् । गाई वस्तुलाई सडकमा पुऱ्याइनु अबोध, निरीह प्राणी माथिको अत्याचार पनि हो । यस्ता पशुधनीलाई कानूनी रूपमा कारबाही र सामाजिक रूपमा हतोत्साही गरिनुपर्छ । गाईसहितका पशु चौपायाको व्यवस्थापनका लागि पर्याप्त जग्गा भएको भौतिक संरचनासहितको आश्रयस्थल बनाउनु पर्छ ।

केही सहरमा काञ्जीहाउस, आश्रयस्थल निर्माण त गरिएका छन् तर तिनको प्रभावकारी व्यवस्थापन र दीर्घकालीन स्थायित्व भने खोजिएको छैन । फुल्टेक्रास्थित काञ्जीहाउस साँघुरो भएपछि नेपालगञ्ज उपमहानगरपालिकाले केही वर्षअघि वडा नं २१ मा कान्जीहाउस सञ्चालनमा ल्यायो । केही कर्मचारी खटाएर गाईगोरुलाई कान्जीहाउसमा त थुनियो तर तिनीहरूका लागि आवश्यक खानेकुराको सही व्यवस्थापन गर्न अहिले पनि हम्मेहम्मे छ ।

तिलोत्तमा नगरपालिका-१ र ८ को बीचमा कहरिया सामुदायिक वनमा गौशाला बनाएर छाडा गाईवस्तु राखिएको छ । यस्तै घोराहीमा पनि सामुदायिक वनको सहयोगमा छाडा पशु चौपाया नियन्त्रण गरिएको छ । छाडा चौपायाको समस्या दीर्घकालीन समाधान गर्न बुटवल उपमहानगरपालिकाले छिमेकी पालिकाहरूसँग समन्वय गरी प्रदेशस्तरको गौ संरक्षण केन्द्र बनाउने योजना बनाएको छ तर खासै पहल भने गरेको छैन । यस्तै तौलिहवामा सडकमै गाईगोरुको बथान देखिन्छ । तर नगरपालिकाले खास पहल गर्न सकेको छैन । यस्तै अन्य पालिकाले पनि छाडा चौपाया एउटा ठाउँबाट अर्को ठाउँ धपाउनेबाहेक ठोस पहल गरेको देखिँदैन ।

छाडा चौपाया नियन्त्रणको प्रयास गरे पनि दीर्घकालीनरूपमा समाधान गर्न सकिएको छैन । एउटा पालिकाले मात्रै चाहेर समाधान नहुने भएकाले सामूहिक प्रयत्नस्वरुप प्रदेश सरकारले नै अगुवाइ गर्नुपर्ने हुन्छ । स्थानीय तहले गर्दा कतै वनसँग कुरा नमिल्ने, कतै राजनीतिकरण हुनेजस्ता समस्या देखिएकाले प्रदेशले नै गौशाला बनाउँदा दीर्घकालीनरूपमा समाधान निकाल्न सकिन्छ । तर नीतिगतरूपमा स्थानीय सरकारको अधिकार क्षेत्रमा पर्ने भएकाले प्रदेशस्तरको गौशाला निर्माण गर्न नमिल्ने देखिन्छ । छाडा चौपाया व्यवस्थापनको समस्या छ भन्ने सबैलाई थाहा छ । समस्याबाट भाग्ने छुट कसैलाई पनि छैन । यसर्थ समाधान खोज्न लाग्ने हो भने स्थानीय सरकार र प्रदेश सरकारबीचको छलफलबाटै निकास खोजिनुपर्छ । नीतिगत पहलबाटै दीर्घकालीन व्यवस्थापन खोजिनुपर्छ ।

*(लेखक नेपालगञ्जका क्रियाशील पत्रकार हुनुहुन्छ)*

# क्षतिपूर्ति भराउने प्रणाली आवश्यक रहेको प्रधानमन्त्रीको भनाइ



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जिम्मेवारी पन्छाएर राज्यलाई क्षति भए सोही व्यक्तिलाई क्षतिपूर्ति भराउने प्रणाली आवश्यक भएको बताउनुभएको छ ।

चालु आवको नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन समीक्षा बैठकमा विहिार प्रधानमन्त्रीले निर्णय नलिएकै र पन्छाएकै कारणबाट मुलुकलाई कति हानी-नोक्सानी वा क्षति हुनसक्छ भन्ने मूल्याङ्कन गर्ने प्रणाली स्थापित गर्नुपर्ने बताए ।

"पछिल्लो समयमा प्रशासनयन्त्रमा काम गरे कारबाही भोग्नुपर्ने तर, कामै नगरे बच्न सकिने मनसाय बढ्दै गएको देखिन्छ", प्रधानमन्त्री दाहालले भने, "अब यसको गम्भीर समीक्षा गर्नुपर्ने बेला भइसकेको छ । यसको असर अन्ततः हाम्रा उपलब्धि र राजनीतिक व्यवस्थाको रक्षा र विकासमा पर्छ भन्ने हेक्का राख्नु जरूरी छ ।"

सबैभन्दा ठूलो चुनौती समयमै निर्णय नगर्ने, निर्णय पन्छाउने र अन्तरनिकाय समन्वयमा आवश्यक पहल नलिने प्रवृत्ति देखिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले नियमबमोजिम गतिशील र सिर्जनशील निर्वाह गर्नुपर्नेमा जोड दिए ।"मैले बारम्बार जोड दिँदै आएको छु, प्रचलित ऐन, नियमको परिधिभित्र रही निर्णय गर्न कसैले हिच्काउनु हुँदैन र पर्दैन पनि", प्रधानमन्त्रीले भने, "कुनै पनि सार्वजनिक पदाधिकारीले असल नियतले गरेको निर्णयको बचावट गर्न र त्यस्तो कर्मचारीको संरक्षण गर्न म सदैव प्रतिबद्ध छु । तसर्थ सोहीबमोजिम गतिशील र सिर्जनशील भूमिका निर्वाह गर्न तत्पर रहनुहोला ।"

तोकिएका लक्ष्य हासिल नहुनुका पछाडिका कारण र समस्यालाई पहिचान गरी तत्काल सुधारकार्य अघि बढाउन आग्रह गर्दै प्रधानमन्त्री दाहालले समग्र प्रशासनिक संयन्त्रको कार्यान्वयन क्षमता बढाई अपेक्षित नतिजा निर्धारित समयमै हासिल गर्नुपर्ने बताए । उनले आम नागरिकलाई उपलब्ध गराउने सार्वजनिक सेवा छिटोछरितो, गुणस्तरीय र लागत किफायती हुने किसिमले प्रवाह गर्न निर्देशन दिए ।

किटान गरेको लक्ष्यअनुसार उपलब्धि किन हासिल हुन सकेन भन्ने अहिलेसम्म पनि चित्तबुझ्दो जवाफ नआएको भन्दै प्रधानमन्त्री दाहालले बजेट अभाव भएको, तयारी नपुगेको, जनशक्ति नपुगेको, कानुनी समस्या देखाएर कामबाट सधैँ नै अड्किने र पन्छिने परम्पराले कहिलेसम्म निरन्तरता पाउने हो भनी प्रश्न गरे ।"नीति तथा कार्यक्रम, बजेट र कार्यक्रमबीच तादम्यता नमिल्दा परिणाम आइरहेको छैन", प्रधानमन्त्री दाहालले भने, "मन्त्रालयहरू तथा अन्य निकायले निर्धारित वार्षिक लक्ष्य र सूचकअनुसार कार्यसम्पादन पूरा गर्नु नपर्ने र राजनीतिक र प्रशासनिक नेतृत्वहरू निर्णय लिन हिच्किचाउने प्रवृत्ति मौलाउँदै जानु सकारात्मक सन्देश होइन ।"

# राष्ट्रियसभामा छ वर्षको अनुभव सुनाउँदै सांसद

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिसभाको छवर्षे कार्यअवधि पूरा गरेका सदस्यले सभाको ओज र गरिमालाई उच्च राख्न सुझाव दिएका छन् ।

सभाको विहिबारको बैठकमा यही फागुन २० गतेदेखि पदावधि सकिएर बिदाइ हुँदै गरेका सदस्यले सभामा आफ्नो अनुभव सुनाउँदै सुझावसमेत प्रस्तुत गरेका हुन् । राष्ट्रिसभा र त्यसअन्तर्गतका विषयगत समिति एवं समग्र संसदीय अभ्यासको अनुभव सुनाउँदै राष्ट्रियसभा सदस्य इन्दु कडरियाले कौतहुलता र उत्साहका साथ सदन प्रवेश गरेको दिन सम्झँदै आगामी दिनमा सभामा गैरसंसदीय अभ्यास नगर्न सुझाव दिए ।

उनले भने, "गैरसंसदीय अभ्यास पनि अनुभव गरियो । सरकारमा भएका पार्टीको खिचातानीले सदन जुनसुकै बेला बन्द, अवरोध गर्ने र अध्यादेशमार्फत संसद्को भूमिका खुम्चाउने अभ्यास पनि अनुभव गरियो । अब यस्तो नहोस् भन्ने अनुरोधसमेत गर्दछु ।" सांसद कडरियाले सदनमा बोल्ने कम समय पाएको भन्दै बोलेका कुरामा सरकारले गम्भीरतापूर्वक नलिने प्रवृत्ति सुधार हुनुपर्नेमा जोड दिए ।

"कञ्चनपुरमा हात्तीको आतङ्क, डुबान, सीमा क्षेत्रको समस्या, दुई छिमेकी देशबीचका जनतामा आवतजावतमा परेको सास्ती र महँगीलगायत कुरामा बोलियो । यसरी राष्ट्रियस्तर र जनसरोकारका मुद्दा उठाउँदा जनताको प्रशंसाले आफूमा सकारात्मक ऊर्जा थपेको छ", उनले भने, "सदनमा बोल्न निकै कम अवसर पाइनेरहेछ । सबै सांसदलाई समय छुट्याउँदा एउटा अधिवेशन सकिँदासम्म मुस्किलले तीन-चार पटक बोल्ने अवसर पाइनेरहेछ ।"

सांसद कडरियाले सभाको सदस्य बन्ने अवसरको लागि आफ्नो पार्टी नेकपा (एमाले) प्रति कृतज्ञता प्रकट गर्दै अपेक्षाअनुरुप काम हुन नसकेको बताए । "लाग्दथ्यो सदनमा बोलिसकेपछि त्यो कार्यान्वयनमा आउँछ तर यर्थाथमा बोलेका सबै कुरा कार्यान्वयन नहुँदा रहेछन्", उनले भने ।

सदस्य कुमार दसौदीले सदनमा उठेका मुद्दाप्रति सरकार गम्भीर हुनुपर्नेमा जोड दिए । आफ्नो कार्यावधिभरको अनुभव सुनाउँदै उनले भने, "जनप्रतिनिधिले उठान गरेका जनसरोकारका मुद्दालाई सरकारले गम्भीरताका सथा लिन सकेमात्र सार्थकता हुने र सदनको गरिमा बढ्छ ।" उनले आफ्नो जिल्लामा शिक्षा, स्वास्थ्य र रोजगारीका लागि पुनः ध्यानार्कषणसमेत गराए ।

"रोल्पा द्वन्द्वग्रस्त मुख्य थलो हो । अहिले पनि त्यहाँका नागरिक द्वन्द्वका कारण आर्थिक र मानसिकरूपमा कमजोर छन् । रुसी सेनामा जान बाध्य छन् । यो विक्षिप्त अवस्थालाई त्यसको शोधभर्ना गर्नका लागि कम्तीमा पनि मनोपरामर्शको उपचार सेवा उपलब्ध गराउन आवश्यक छ", उनले भने । समसामयिक विषयसमेतमा ध्यानाआर्कषण गराउँदै सांसद दसौदीले दुई दशकदेखि निर्माणाधीन सहिदमार्ग यथाशीघ्र सम्पन्न गर्न माग गरे । उनले दलीय राजनीतिमा दलीय स्वार्थका कुरा राख्नुपर्ने भन्दै सदनमा दलभन्दा माथि उठेर जनताका साझा मुद्दाका कुरा गर्नुपर्ने बताए ।



सदस्य डा खिमलाल देवकोटाले आफ्नो तीन वर्षको संसदीय अभ्यास, अनुभव र ज्ञानका लागि सदन विश्वविद्यालयसरह रहेको बताए । "राजनीति गर्नुको लक्ष्य नेतृत्वको लागि हुन्छ । मन लागेसम्म नेतृत्वमा बस्ने र सांसद बन्ने गर्नु हुँदैन । म बैठकको करिब ९४ प्रतिशत अर्थात् एक सय ३० दिन उपस्थिति जनाएको छु । मैले १३ घण्टा बढी बोलेको छु । औषतमा अन्य सदस्यभन्दा यो तीन गुणा बढी समय हो । स्थानीय तह र प्रदेशका सरोकारका विषयमा बोल्ने अवसर पाएँ", उनले अनुभव सुनाउँदै भने ।

सांसद देवकोटाले मन्त्रीसँग सवालजवाफ गर्न नसकेकोप्रति गुनासो व्यक्त गर्दै सदन समयमा नै सुरु हुनु सकारात्मक अभ्यास भएको बताए । उनले राष्ट्रियसभाको ओज कायम राख्न प्रतिनिधिसभा नरहेको समयमा प्रतिनिधिसभाले गर्ने र विधेयकको प्रथम र अन्तिम 'रिडिङ'यस सभाले नै गर्नुपर्नेमा जोड दिए । संविधानको भावना र आशयअनुसार सदस्यको प्रतिनिधित्व हुनुपर्ने उनको सुझाव छ ।

बैठकमा आफ्नो अनुभव सुनाउँदै सदस्य दीपा गुरुङले अनुशासित, सक्षमतासहितको प्रस्तुति र कानुन निर्माणको भूमिकाले संसदीय अभ्यास अविस्मरणीय रहेको बताए । उनले भने, "जनता जनप्रतिनिधिप्रति आशावादी छन् । सरकारलाई जनताप्रति उत्तरदायी बन्न आग्रह गर्छु ।" उनले आफ्नो पार्टी नेकपा (एमाले)प्रति आभार प्रकट गर्दै छ वर्षको समयमा प्रतिपक्ष र सत्तापक्षको भावबाट माथि उठेर काम गरेको दाबी गरे ।

यस्तै सदस्य दिलकुमारी थापा रावल (पार्वती)ले मौलिक हकका लागि बन्नुपर्ने कानुनका लागि सङ्कल्प प्रस्ताव पेस गरेको स्मरण गर्दै सार्वजनिक महत्वको प्रस्तावअन्तर्गत सडक सुरक्षामाथिको प्रस्तावलाई आगामी दिनमा छलफल अघि बढाउन आग्रहसमेत गरे । उनले शून्य समयमा राष्ट्रिय सरोकारको विषय उठाएको स्मरण गर्दै भने, "नक्कली भुटानी शरणार्थी प्रकरणको विषयमा पहिलोपटक यस सदनको शून्य समयमा प्रश्न उठाएर ध्यानार्कषण गराउने अवसर प्राप्त भयो ।"

सांसद रावलले विवादरहित समिति सञ्चालन गरेको भन्दै कोरमको अभावमा बैठक स्थगनसमेत नभएको दाबी गरे । उनले संसदीय अनुगमन प्रभावकारी बनाउन सुझाव दिँदै संयुक्त अनुगमन र निर्देशनका लागिसमेत सुझाव दिए । संसदभित्र विज्ञ 'रोस्टर'को व्यवस्थाका लागि उनले आग्रह गरे । सांसद रावलले राष्ट्रियसभाले सदन सञ्चालन समयमै गरर सकारात्मक काम गरेको बताए ।

सदस्य नरपति लुवारले सभाको गरिमा बढाउनेगरी काम गर्न नवनिर्वाचित सदस्यलाई सुझाव दिए । उनले संविधानले व्यवस्था गरेका हक कार्यान्वयनको सम्बन्धमा सदन र सरकारको ध्यानार्कषण गराए । सदस्य प्रकाश पन्थले संसद्प्रति सरकारलाई जवाफदेही र जिम्मेवार बनाउन अझ सशक्त भूमिका निर्वाह गर्न सुझाव दिए । उनले सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै सदन र समितिलाई आधुनिक बनाउँदै लैजानुपर्नेमा जोड दिए ।

"छ वर्षको कार्यकलमा दुईपटक प्रतिनिधिसभा भङ्ग भयो । एकपटक निर्वाचन र तीनपटक प्रतिनिधिसभाविहीन अवस्थामा यस सदनमा हामीले काम गर्नुपर्यो", सांसद पन्थले भने, "दुखद् कुरा, मौलिक हक कार्यान्वयनका लागि आएका विधेयक फटाफट यताबाट आएर उता गए । हामीले छलफल गरेर पास गर्न पाएनौँ । ती सबै विधेयकमा फेरि काम गर्नुपर्ने अवस्था छ ।" उनले आफूले राष्ट्रिय सरोकार तथा समन्वय समिति र दिगो विकासको सभापतिका रूपमा शतप्रतिशत भूमिका निर्वाह गरेको बताए ।

सदस्य महेशकुमार महराले सभामा सुदूरपश्चिम क्षेत्रको आवाज उठाएको स्मरण गर्दै सरकारले धेरै विषयमा चासो व्यक्त नगरेको बताए । उनले सभाको ओज र गरिमा बढाउनतर्फ सबै लाग्नुपर्ने सुझाव दिए । उनले भने, "विगतमा जनसरोकारका मुद्दा उठाउँदा सरकार मौन रहेको देखियो । सांसदले राखेका समस्याप्रति पछिल्लो सरकार गम्भीर हुनुपर्छ ।"

अर्का सदस्य सूर्यबहादुर विश्वकर्माले जनताको आवश्यकता, चाहना र भोगिरहेका समस्या सम्बोधनका लागि सरकार र सदनको ध्यानार्कषण गराएको स्मरण गरे । उनलेकिसानकासमस्यारआवश्यकताबारेसभामुखमार्फत पुनः सरकारको ध्यानार्कषणसमेत गराए । स्थायी सदन भएकाले सरकार र संसद्को आवश्यकताअनुसार जनतालाई अधिकारसम्पन्न बनाउन केन्द्रित हुनुपर्नेमा उनले जोड दिए ।

यस्तै सदस्य हरिराम चौधरीले राष्ट्रिसभाको अस्तित्वबारे उठ्ने प्रश्नलाई चिर्दै यसको गरिमा बढाउन सुझाव दिए । उनले सभाको सदस्यका रूपमा भूमिका निर्वाह गर्ने अवसरकाबारे कृतज्ञता व्यक्त गर्दै भने, "यो अवसरमा देशमा व्याप्त रहेको गरिबी, शिक्षा, स्वास्थ्य र रोजगारीदेखि हरेक क्षेत्रमा रहेका समस्याका बारेमा हामीले बहस गर्ने अवसर प्राप्त गर्यौं", उनले राष्ट्रियसभाभित्र सबै प्रकारका क्लस्टर सुरक्षित गरेता पनि आदिवासी जनजातिको क्लस्टर सुरक्षित गर्न असमर्थक रहेको बताए ।

# उपराष्ट्रपति यादवसँग बङ्गलादेशका राजदूतको शिष्टाचार भेट

**टुडे समाचारदाता**

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि बङ्गलादेशका राजदूत सलाउद्दिन नोमान चौधरीले शिष्टाचार भेट गरेका छन् ।



उपराष्ट्रपतिको कार्यालयमा विहिार अपराह्न भएको भेटमा दुई मुलुकबीचको सम्बन्ध, व्यापार, पर्यटन, विद्युत्लगायत पारस्परिक हित र चासोका विविध विषयमा छलफल भएको थियो ।

उपराष्ट्रपतिको निजी सचिवालयका अनुसार दुई देशबीचको व्यापारको मात्रा बढ्दै गएकोमा खुसी व्यक्त गर्दै उपराष्ट्रपतिले व्यापार विस्तार एवं विविधीकरण गर्ने प्रचुर सम्भावना रहेको बताए । "तेम्रो देशसँगको व्यापारका लागि चटगाउँ र मोङ्ला बन्दरगाह हुँदै नेपाललाई पारवहन सुविधा उपलब्ध गराएकामा बङ्गलादेश सरकारलाई धन्यवाद दिन चाहन्छु " उनले भने, 'रोहनपुर-सिंहाबाद रेलमार्गको शीघ्र सञ्चालन गरी यी समुद्री बन्दरगाहबाट पारवहन सहयोग प्रवर्द्धन गर्न महत्वपूर्ण हुनेछ ।"

> "सन् २०१८ मा नेपाल र बङ्गलादेशबीच विद्युत् सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर हुनु ऊर्जा क्षेत्रमा द्विपक्षीय सहयोगलाई सुदृढ पार्ने महत्वपूर्ण कोसेढुङ्गा हो," उनले भने, "बङ्गलादेश सरकारले हालै भारतको पावर ग्रिड प्रयोग गरेर नेपालबाट ४० मेगावाट बिजुली खरिद गर्न स्वीकृत गरेकामा हामी खुसी छौं ।"

उपराष्ट्रपति यादवले नेपालको जलविद्युत् क्षमता र बङ्गलादेशको बढ्दो ऊर्जा आवश्यकताले दुई देशबीच ऊर्जा सहयोग अभिवृद्धि गर्ने पर्याप्त अवसरहरू प्रदान गरेको बताउनु भयो । "सन् २०१८ मा नेपाल र बङ्गलादेशबीच विद्युत् सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर हुनु ऊर्जा क्षेत्रमा द्विपक्षीय सहयोगलाई सुदृढ पार्ने महत्वपूर्ण कोसेढुङ्गा हो," उनले भने, "बङ्गलादेश सरकारले हालै भारतको पावर ग्रिड प्रयोग गरेर नेपालबाट ४० मेगावाट बिजुली खरिद गर्न स्वीकृत गरेकामा हामी खुसी छौं ।" उनले ऊर्जा क्षेत्रमा बङ्गलादेशको लगानीलाई नेपालले स्वागत गरेको जनाउँदै नेपालको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाबाट ५०० मेगावाट बिजुली आयात गर्न बङ्गलादेश र भारतको जीएमआरबीच भइरहेको वार्ता र सुनकोशी-३ आयोजनामा संयुक्त लगानीसम्बन्धी बङ्गलादेशको प्रस्ताव उत्साहजनक रहेको बताए । "म विश्वस्त छु कि यी परियोजनाहरूको कार्यान्वयन नेपाल र बङ्गलादेश दुवैका लागि पारस्परिक रूपमा लाभदायक हुनेछ, " उनले भने, "नेपाल र बङ्गलादेशमा प्राकृतिक सौन्दर्य, समृद्ध सभ्यता र सांस्कृतिक सम्पदा, साहसिक खेलकुद र जैविक विविधता देखाउने लोकप्रिय धेरै पर्यटकीय गन्तव्य छन् । बङ्गलादेश नेपालका लागि पर्यटकको महत्वपूर्ण स्रोत देश पनि हो ।"

"म हाम्रा दुई देशबीच सांस्कृतिक सहयोग र जनताबीचका सम्पर्क प्रवर्द्धन गर्न जनवरी १९७८ मा भएको सांस्कृतिक सम्झौताको स्मरण गर्न चाहन्छु " नेपाल र बङ्गलादेशबीच घनिष्ट सांस्कृतिक सम्बन्ध र जनस्तरका सम्पर्कहरू रहेको बताउँदै उपराष्ट्रपति यादवले भने, " सन् १९७६ अप्रिलमा हाम्रा दुई देशबीच हस्ताक्षर भएको प्राविधिक सहयोग सम्झौताअन्तर्गत नेपाली विद्यार्थीहरूलाई वार्षिक २२ छात्रवृत्ति (१९ एमबीबीएस र ३ बीडीएस) उपलब्ध गराएकोमा म बङ्गलादेश सरकारलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।"

उपराष्ट्रपति यादवले नेपाल र बङ्गलादेशले सार्क, बिमस्टेक, संयुक्त राष्ट्र सङ्घ, असंलग्न आन्दोलन, जी ७७ र चीनलगायत क्षेत्रीय तथा अन्तरराष्ट्रिय मञ्चहरूमा पारस्परिक हितका विषयमा सहकार्य गर्दै आएकोमा खुसी व्यक्त गरे । "हाम्रा दुई देशले संयुक्त राष्ट्रसङ्घ र विभिन्न अन्तरराष्ट्रिय संस्थाहरूमा एकअर्काको उम्मेदवारीलाई समर्थन गरिरहेका छन् । आगामी दिनमा पनि यो सहकार्य जारी रहने विश्वास लिएको छु " उनले भने, "एक मित्रराष्ट्रका नाताले नेपालले बङ्गलादेशसँगको सम्बन्धलाई उच्च महत्व दिन्छ । आगामी दिनहरूमा हाम्रा दुई देश र जनताबीचको सम्बन्ध अझ प्रगाढ हुनेमा म विश्वस्त छु ।"

राजदूत चौधरीले नेपाल र बङ्गलादेशबीचको सम्बन्ध व्यापार, पर्यटन, शिक्षा र ऊर्जालगायत क्षेत्रमा आधारित रहेको उल्लेख गर्दै हरेक वर्ष तीस हजार बङ्गलादेशी पर्यटक नेपाल आउने गरेका बताए । बङ्गलादेशले नेपाली विद्यार्थीका लागि चिकित्सा शास्त्रलगायत विषयमा छात्रवृत्ति उपलब्ध गराउँदै आएको उल्लेख गर्दै उनले भने, "हरेक वर्ष छात्रवृत्तिसँगै आफ्नै खर्चमा पाँच सय देखि छ सय विद्यार्थी बङ्गलादेशमा एमबीबीएस गर्न जान्छन् ।"

# डिजिटल साक्षरतालाई व्यापक बनाउनुपर्ने मन्त्री शर्माको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले अनलाइनका माध्यमबाट हुने हिंसालाई न्यूनीकरण गर्न डिजिटल साक्षरतालाई व्यापक बनाउनुपर्नेमा जोड दिएकी छन् ।



राष्ट्रिय महिला आयोगले विहिबार आयोजना गरेको 'अनलाइनमा महिला सुरक्षा' अन्तरक्रियामा मन्त्री शर्माले अनलाइनको खतराको विकसित प्रकृतिलाई न्यूनीकरण गर्न स्थानीयस्तरसम्म डिजिटल शिक्षालाई विस्तार गर्न जरुरी रहेको बताईन् ।

"प्रविधि आफैँमा पूर्वाग्रही हुँदैन । हिंसाको अन्त्य गर्न प्रविधिको भूमिका महत्वपूर्ण छ । अनलाइनको सदुपयोग गर्न सकेमा हामीले धेरै लाभ लिन सक्छौँ", उनले भनिन्, "सरकारी, गैरसरकारी संस्था, सञ्चारमाध्यम तथा विद्यालयस्तरका पाठ्यक्रममा अनलाइनको सदुपयोगबारे सचेतना जगाउन आवश्यक छ ।" उनले डिजिटल शिक्षालाई ग्रामीणस्तरसम्म विस्तार गर्न जरुरी रहेको समेत उल्लेख गरिन् ।

मन्त्री शर्माले अनलाइनबाट हुने हिंसाको न्यूनीकरणसम्बन्धमा सरकारले कानुनी व्यवस्था गरी सम्बोधन गर्ने बताईन् । "विश्वव्यापी सामाजिक सञ्जालको प्रयोग र नियमनलाई सरकारले बेवास्ता गर्न सक्दैन । यसबारे सरकार सजग छ", उनले भनिन्, "राष्ट्रिय साइबर सुरक्षा नीति, सामाजिक सञ्जाल (प्रयोग तथा नियमन) ऐनमा गरिएका व्यवस्थाले अनलाइनबाट हुने हिंसा न्यूनीकरणमा सहयोग गर्नेछ ।"

महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले प्रविधिलाई जीवनोपयोगी बनाउन जरुरी रहेका बताईन् । "अनलाइनबाट हुने महिला हिंसा निवारणमा आयोगले सञ्चालन गरेको यो कार्यक्रम आरम्भमात्र हो । आयोगका गतिविधिलाई गुणात्मक, परिणात्मक बनाउन सबै सरोकारवालासँग समन्वय, सहकार्य गर्न आवश्यक छ", उनले भनिन् ।

अध्यक्ष पराजुलीले लैङ्गिक हिंसा निवारण, बदलिँदो हिंसाका स्वरुपलगायतका विषयलाई विद्यालयस्तरका पाठ्यक्रममा समावेश गर्नुपर्नेमा जोड दिए ।नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरोका प्रहरी उपरीक्षक दीपकराज अवस्थीले अनलाइनमा महिला सुरक्षाका अवस्था, समस्या तथा चुनौती र समाधान सम्बन्धमा कार्यपत्र प्रस्तुत गरे । उनले चालु आर्थिक वर्षको माघसम्म अनलाइनमार्फत पीडित भएका महिलाबाट पाँच हजार एक सय ३१ निवेदन आएको जानकारी दिए । उनले पछिल्लो समय आर्थिक ठगीका निवेदन बढी आएको उल्लेख गरे ।

ललितपुर महानगरपालिकाका उपप्रमुख मञ्जली शाक्य बज्रचार्यले अनलाइनबाट महिला हिंसाका गतिविधि न्यूनीकरण हुन महिला आफैँ सजग, सचेत हुन पनि जरुरी रहेको बताउँदै महानगरपालिकाले कानुनी सचेतनाका कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्दै आएको उल्लेख गरिन् । भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले महिला हिंसा न्यूनीकरणमा महिला, पुरुष दुवै साथसाथै अगाडि बढ्न आवश्यक रहेको औँल्याउँदै महिलालाई सशक्तीकरण गर्न आरक्षण नभई अवसर प्रदान गर्नुपर्नेमा जोड दिईन् ।

नेपाल दुरसञ्चार प्राधिकरण उपनिर्देशक रोजाकिरण बासुकलाले अनलाइनबाट हुने महिला हिंसा न्यूनीकरणमा अनलाइन सेवा प्रदायकको भूमिकाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गरिन् । उनले प्रविधिको प्रयोग गरी हुने महिला तथा बालिका हिंसाका बदलिँदो चुनौतीलाई अवसरको रूपमा रुपान्तरण प्रविधिमार्फत गर्न सकिने बताईन् ।

कार्यक्रममा सरोकारवाला पक्षले लैङ्गिक हिंसा निवारणमा एकीकृत कानुन आवश्यक रहेको, समस्या समाधानमा व्यक्ति, परिवारको भूमिका प्रमुख रहने, प्रविधिको सदुपयोग गर्नुपर्नेलगायतका विषय उठान गरेका थिए ।

मटिहानी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धिरापुर, महोत्तरी
मधेश प्रदेश

सच्चाईएको सूचना

यस मटिहानी नगरपालिका तपसिलमा उल्लेखित निर्माण कार्यको लागि मिति २०८०/१०/२१ गतेको जनकपुर टुडेमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धित सूचनामा निम्न अनुसार हुनुपर्नेमा अन्यथा भएकोमा सच्चाइएको व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| S. N. | Contract ID | Name of Project | Bid Document Price |
|---|---|---|---|
| 1. | 6/Mmun/B/ NCB/080/81 | Construction work of prasuti sewa Hospital mathihani-06 | 5000.00 |

# ह्यारीले अदालतमा गरेको याचनाको विपक्षमा फैसला



**एएफपी**

लण्डन। बेलायती राजकुमार ह्यारीले शाही जिम्मेवारीबाट पछि हटेपछि करदाताको आर्थिक सहायता सुरक्षा फिर्ता लिने बेलायत सरकारको निर्णयविरुद्ध अदालतमा दायर गरेको मुद्दा हारेपछि उहाँले कानूनी सङ्कटको सामना गर्नुपरेको सीएनएन टेलिभिजनले जनाएको छ।

सन् २०२० को फेब्रअरीमा बेलायती राजकुमार ह्यारीले देशमा नरहँदा अन्य राजपरिवार सदस्यले पाउने जति 'कर छुट' नपाउने निर्णय भएपछि गृह मन्त्रालयविरुद्ध उहाँले कानूनी लडाइ सुरु गर्नुभएको थियो। बेलायती समाचार संस्था पीएलाई उद्धृत गर्दै सीएनएनले भनेको छ, "डिसेम्बरमा अदालतको सुनुवाइका क्रममा ह्यारीका वकिलले ह्यारीबारे गरेको निर्णयले राजकुमार ह्यारीप्रति पक्षपातपूर्ण व्यवहार गरेको तर्क गर्नुभएको थियो।

पीएका अनुसार जुलाई २०२० देखि आफ्नी पत्नी मेगनसँग क्यालिफोर्नियामा बस्दै आएका ह्यारीमाथि 'सफल आक्रमण' भएको तर यसले बेलायतको प्रतिष्ठामा पर्न सक्ने सम्भावित असरबारे पनि वकिलहरूले विचार गर्न नसकेको ह्यारीका कानूनी सहयोगीले बताएका छन्। अदालतले उक्त निर्णय न्यायोचित र प्रक्रियागत अन्यायरहित फैसला भएको जनाएको छ। यो झट्काका बावजुद राजकुमार ह्यारीका कानुनी प्रवक्ताले फैसलाबारे अपिल गर्ने आफ्नो मनसाय व्यक्त गरेका छन्।

"ड्यूकले प्राथमिकताको उपचारको लागि माग गरिरहनुभएको छैन, तर सफ्टवेयर विकास र सूचना प्रविधिबारे काम गर्ने कम्पनी ऱ्याभेकको आफ्नै नियमहरूको निष्पक्ष र कानुनी अनुप्रयोगको लागि यो सुनिश्चित गर्दै कम्पनीको लिखित नीति अनुसार काम गर्नु उचित हुनेछ," ह्यारीका कानुनी प्रवक्ताले सीएनएनसँग भन्नुभयो।फैसलापछि गृह मन्त्रालयका प्रवक्ताले सीएनएनसँग भन्नुभयो, "हामी खुसी छौं कि अदालतले यस मामिलामा सरकारको स्थितिको पक्षमा फैसला गरेको छ, र हामी सावधानीपूर्वक हाम्रो अर्को कदमहरूबारे विचार गरिरहेका छौं। फैसलाबारे थप टिप्पणी गर्नु अनुपयुक्त हुनेछ।"

"बेलायत सरकारको संरक्षणात्मक सुरक्षा प्रणाली कठोर र समानुपातिक छ। ती प्रबन्धहरूको विस्तृत जानकारी नदिनु हाम्रो लामो समयदेखिको नीति हो, किनकि यसो गर्दा तिनीहरूको निष्ठामा आँच आउन सक्छ र व्यक्तिको सुरक्षामा असर पर्न सक्छ।"अक्सर आफ्नी पत्नीको उपचार र आफ्नी स्वर्गीय आमा राजकुमारी डायनाले सामना गर्नुपरेको चुनौतीहरूको बीचमा समानताहरू चित्रण गर्दै राजकुमार ह्यारीले आफ्नो परिवारको सुरक्षाको बारेमा आवाज उठाउँदै आउनुभएको छ। यो मुद्दा बेलायतमा राजकुमार ह्यारीसँग सम्बन्धित धेरै मुद्दाहरूमध्ये एक हो।

सन् २०२३ को मे महिनामा राजकुमार ह्यारीले बेलायतमा रहँदा आफ्नो प्रहरी सुरक्षाका लागि व्यक्तिगत रूपमा भुक्तानी गर्ने छुट्टै अधिकारको माग गर्दै गरेको निवेदनमा एउटा अर्को कानुनी झड्काको सामना गर्नुपरेको थियो। बेलायतको गृह मन्त्रालयले धनी व्यक्तिहरूलाई विशेष प्रहरी अधिकारीहरूबाट संरक्षणात्मक सुरक्षा खरिद गर्ने अनुमति नदिने तर्क गरेको थियो।

सोही वर्षको जनवरीमा राजकुमार ह्यारीले एसोसिएटेड न्यूजपेपर्स लिमिटेड (एएनएल) विरुद्ध मानहानिको मुद्दा दायर गर्नुभएको थियो। सन् २०२२ को फेब्रुअरीमा बेलायती राजकुमार ह्यारीले बेलायत भ्रमणका क्रममा सुरक्षा व्यवस्थाका सम्बन्धमा गृह मन्त्रालयविरुद्ध दायर गरेको मुद्दासँग सम्बन्धित थियो।डिसेम्बर २०२३ मा लण्डनको उच्च अदालतले राजकुमार ह्यारीलाई प्रकाशक 'मिरर ग्रुप न्यूजपेपर्स (एमजीएन)' द्वारा फोन ह्याकिङ र अन्य 'गैरकानूनी सूचना सङ्कलन' को शिकार भएको फैसला सुनाएको थियो।

# इरान निर्वाचनमा २९० सदस्यका लागि १५ हजारभन्दा बढी प्रतिस्पर्धामा



**एएफपी**

तेहरान। इरानी संसद्का २९० सदस्यका लागि १५ हजारभन्दा बढी प्रतिस्पर्धीले मनोनयन दर्ता गरेका छन्।

इरानको संवैधानिक परिषद्का प्रवक्ता हादी ताहान नाजिफले शुक्रबार हुने निर्वाचनमा इरानी संसद्को २९० सिटका लागि विभिन्न क्षेत्रका १५ हजारभन्दा बढी उम्मेदवारले प्रतिस्पर्धा गर्ने बताउनुभएको छ।

शुक्रबार हुने १२ औं संसदीय र छैटौं एसेम्ब्ली अफ एक्सपर्ट्स को निर्वाचनको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनमा इरानको राजधानी तेहरानमा नाजिफले निर्वाचनमा नयाँ नेतृत्व चयनका लागि स्वस्थ प्रतिस्पर्धा हुनेमा कुनै आशङ्का नगर्न विश्व समुदायसँग आग्रह गर्नुभएको छ। नाजिफका अनुसार उम्मेदवारको उमेर ३० देखि ७५ वर्षको हुनुपर्छ र दर्ता भएकामध्ये करिब ७५ प्रतिशत निर्वाचनमा भाग लिन योग्य हुनेछन्।

सन् १९९० को दशकमा जन्मिएका करिब ४०० र सन् १९८० को दशकमा जन्मिएका करिब तीन हजारभन्दा बढी उम्मेदवार रहेका इरानी अधिकारीले बताएका छन्।उम्मेदवारमध्ये १३ प्रतिशत महिला उम्मेदवार रहेका छन्। उहाँले वकिल, न्यायाधीश, शिक्षक र चिकित्सकलगायत विभिन्न क्षेत्रमा चर्चित व्यक्तिहरू निर्वाचन प्रतिस्पर्धामा सामेल भएका उहाँले बताउनुभयो।

प्रवक्ताका अनुसार संवैधानिक परिषद्ले निर्वाचनका बेला देशभरका करिब ६० हजार मतदान केन्द्रमा अनुगमन र पर्यवेक्षकका रूपमा काम गर्न करिब दुई लाख ३० हजार इरानी नागरिकलाई तालिम दिएको छ।"सन् १९७९ को इस्लामिक क्रान्तिको विजयपछि धार्मिक अल्पसङ्ख्यकहरूले इरानी संसद्मा आ-आफ्नो स्थान पाएका छन्," उहाँले भन्नुभयो।

त्यसैगरी आठ वर्षे कार्यकाल रहेको 'एसेम्ब्ली अफ एक्सपर्ट्स' का ८८ सदस्यका लागि १४४ जनाले प्रतिस्पर्धा गर्नेछन्। नाजिफले दुई लाख ५० हजार सेनालाई निर्वाचनमा सुरक्षा सुनिश्चित गर्ने जिम्मेवारी दिइएको बताउनुभयो।

इरानको निर्वाचन कार्यालयले यसै महिनाको सुरूमा दिएको जानकारीअनुसार यी दुई निर्वाचनमा मतदानका लागि कुल छ करोड ११ लाख ७० हजार मतदाताले योग्यताको मापदण्ड पूरा गरेका छन्।

# दक्षिण कोरियामा मुद्रास्फीतिका कारण तलबमा समायोजन



**सिन्ह्वा**

सियोल। मुद्रास्फीतिका कारण दक्षिण कोरियाको तलव तथा ज्याला लगातार दोस्रो वर्ष घटेको श्रम मन्त्रालयको तथ्याङ्कले बिहीबार देखाएको छ।

रोजगार र श्रम मन्त्रालयको अनुसार, नियमित कर्मचारी भएका व्यवसायहरूमा मासिक औसत ज्याला २.५ प्रतिशतले बढेर २०२३ मा ३९ लाख ६६ हजार ओन (दुई हजार ९७० अमेरिकी डलर) पुगेको छ।सन् २०२३ मा मासिक तलब १.१ प्रतिशतले घटेर ३५ लाख ५४ हजार ओन पुगेको छ। जुन अघिल्लो वर्षको तुलनामा ०.२ प्रतिशतले कम हो। सन् २०२३ मा दक्षिण कोरियाको उपभोक्ता मूल्य सूचकाङ्क (सीपीआई) अघिल्लो वर्षको तुलनामा ३.६ प्रतिशतले बढेको छ।

व्यवसायमा प्रति कामदारको मासिक औसत कार्य घण्टा एक वर्ष अघिको तुलनामा १.६ प्रतिशतले घटेर सन् २०२३ मा १५६.२ घन्टा पुगेको छ।उत्पादन उद्योगले १७०.५ को सबैभन्दा लामो मासिक कार्य घण्टा रेकर्ड गरेका छन्। पानी, ढल र फोहोर व्यवस्थापन क्षेत्र १७० घण्टाको साथ निर्माण उद्योगले गत वर्ष १२८.७ को सबैभन्दा छोटो कार्य घण्टा दर्ता गरेको छ।

# इन्डोनेसियाद्वारा अमोनियम नाइट्रेट प्लान्टको स्थापना

**सिन्ह्वा**


जकार्ता। प्लान्टले दक्षिणपूर्वी एसियाली देशलाई खानामा आत्मनिर्भर बनाउने उद्देश्यले कालिमान्टन टापुमा अमोनियम नाइट्रेट प्लान्टको स्थापना गरिएको छ।अमोनियम नाइट्रेट नामक रसायन मल र विस्फोटक पदार्थमा प्रयोग गरिन्छ।



प्लान्टको उद्घाटन गर्दै इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोले प्लान्टको स्थापनाले इन्डोनेशियामा आयात हुँदै आएको अमोनियम नाइट्रेटको मागलाई आंशिक सम्बोधन गर्न सकिने बताउनुभएको छ।उहाँले भन्नुभयो, "प्लान्टको स्थापना देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने रहेको छ।" इन्डोनेशियाले आफ्नो प्रयोगका लागि करिब २१ प्रतिशत अमोनियम नाइट्रेट विदेशबाट आयात गर्छ।

पूर्वी कालिमान्टन प्रान्तको बोन्टाङमा अवस्थित नयाँ प्लान्ट संयुक्त रूपमा देशका तीन राज्यका सरकारी कम्पनीहरू, पिटि पुपुक काल्टिम, पिटि दहाना र पिटि काल्टिम अमोनियम नाइट्रेटको स्वामित्वमा छ र यसको बार्षिक क्षमता ७५ हजार टन उत्पादन रहेको छ।

# 'डिपिआर'मै थन्किए खेल पूर्वाधार



गण्डकी। लाखौँ खर्चेर विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाइए पनि निर्माण सुरु नभई खेल पूर्वाधार अलपत्र परेका छन्। वर्षौंसम्म आयोजना कार्यान्वयन नहुँदा कतिपय डिपिआर काम नलाग्ने भएका छन्। अध्ययनबिना नै डिपिआर बनाउँदा केही आयोजनाको निर्माणस्थल परिवर्तन गर्नुपर्ने स्थिति समेत आएको देखिन्छ।

पोखरा महानगरपालिका-३३ पशुपतिघाटमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट रङ्गशाला निर्माणको घोषणासहित गण्डकी प्रदेश सरकारले चार वर्षअघि 'डिपिआर' तयार पाऱ्यो। उक्त रङ्गशालालाई सरकारले प्रदेश गौरवको आयोजनामासमेत समेट्यो। अहिले पशुपतिघाटमा रङ्गशाला बनाउने योजना अलपत्र छाडेर प्रदेश सरकार नयाँ जग्गाको खोजीमा लागेको छ।

विसं २०७१ देखि नै त्यस ठाउँमा रङ्गशाला निर्माणका लागि पहल थालिए पनि उक्त आयोजना डिपिआरमा सीमित बन्ने देखिएको छ। रेखदेख र संरक्षण नहुँदा रङ्गशालाको जग्गा नदी कटानको जोखिममा परेको प्रदेश खेलकुद परिषद्का सूचना अधिकारी तोपलाल भुषालले बताउनुभयो। पशुपतिघाटमा रङ्गशालाको योजना दिगो हुने नदेखिएपछि निर्माण अगाडि नबढेको प्रदेशस्थित सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले जनाएको छ। सेती नदीले जग्गा कटान गरिरहेकाले अन्तर्राष्ट्रिय मापदण्डको रङ्गशाला बनाउन पशुपतिघाट जोखिमपूर्ण देखिएको उहाँको भनाइ थियो।

भुषालले पशुपतिघाटमा क्रिकेट रङ्गशालाको डिपिआर बनेपनि भौगोलिक कारणले रङ्गशाला निर्माण गर्न अनुपयुक्त देखिएको बताउनुभयो। रङ्गशालाका लागि नयाँ जग्गा खोजी र पहिचान गर्न समिति गठन गरिएको भन्दै हालसम्म ठोस प्रगति भने नभएको उहाँले जानकारी दिनुभयो।"परिषद्ले जिल्ला तहमा सम्भावित जग्गाको खोजी गरिरहेको छ, जग्गा व्यवस्थापन भएपछि रङ्गशाला निर्माण अगाडि बढ्छ", भुषालले भन्नुभयो, "यसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र प्रदेश नीति तथा योजना आयोगले पनि चासो लिएको छ।" चालु आवमा सो ठाउँमा रङ्गशाला निर्माणका लागि बजेट नछुट्टिएको उहाँले जानकारी दिनुभयो।

गत आवमा रू २० लाख विनियोजन भएकामा काम नभई बजेट फिर्ता भएको थियो। नयाँ जग्गा प्राप्तिका लागि चालु आवमा रू ५० लाख बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ। यहाँ रङ्गशाला बनाउन स्थानीयवासीले दिएको जग्गा भने बेवारिसे बनेको छ। संरक्षण नहुँदा नदी कटानले जग्गा नासिँदै गएको स्थानीयको भनाइ छ। सो ठाउँमा रङ्गशालाका लागि प्रदेश सरकारले एक सय ७४ रोपनी जग्गाको भोगाधिकार ल्याएको थियो।

जग्गाकै कारण पोखरालाई क्रिकेटको गन्तव्य सहरका रूपमा विकास गर्न अन्तर्राष्ट्रिय मापदण्डको रङ्गशाला बनाउने प्रदेश सरकारको घोषणा अन्योलमा परेको छ। पशुपतिघाटमा निर्माण घोषणा गरिएको क्रिकेट रङ्गशालामा रू एक अर्ब ३६ करोड लागत लाग्ने अनुमान मन्त्रालयले गरेको थियो। विस्तृत परियोजना प्रतिवेदनमा १८ हजार दर्शक क्षमताको प्यारापिटसहित टि-२०, एक दिवसीय र टेस्ट म्याच खेल्न मिल्नेगरी पूर्वाधार तयार पारिने उल्लेख छ।

रङ्गशालामा एक सय ३० भिभिआइपी सिट, एक हजार दुई भिआइपी र स्पेशल, नौ सय सिट क्षमताको खेलाडी कक्ष, एक सय क्षमताको मिडिया कक्ष बन्ने जनाइएको थियो। स्रोत जुटाएर तीन-चार वर्षभित्रमा निर्माण गर्ने प्रदेश गौरवको आयोजना 'डिपिआर'मै थन्किएर बसेको छ। बागलुङको बागलुङ नगरपालिका-१ स्थित बाङ्गेचौर खेलमैदानलाई रङ्गशाला बनाउने चर्चा दशकौँ अघिदेखि चल्दै आएको छ। राजनीतिक नेतृत्व तहबाटसमेत बाङ्गेचौरलाई रङ्गशालाका रूपमा विकास गरिनुपर्ने आवाज उठिरहन्छ। पाँच वर्षअघि नगरपालिका र जिल्ला खेलकुद विकास समिति मिलेर रू २५ लाख लागतमा डिपिआर तयार पारिएको थियो।

चालिस रोपनी क्षेत्रफलमा बन्ने रङ्गशालाका लागि रू ११ करोड लागत अनुमान गरिएको थियो। रङ्गशालामा प्यारापिट, फुटबल, टेनिसमैदान, टिकटकक्ष, शौचालय, पार्किङलगायतका संरचना बन्ने डिपिआरमा उल्लेख गरिएको छ। हालसम्म उक्त आयोजना पनि डिपिआरमा नै सिमित भएको छ।रङ्गशाला बन्ने/नबन्ने कुनै टुङ्गो नभएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो। बाङ्गेचौरलाई रङ्गशाला बनाउने विषय चर्चामा मात्र सीमित रहेको उहाँको भनाइ थियो।

"अहिले कतैबाट पनि बजेट परेको छैन, यस विषयमा समितिलाई कुनै जानकारी पनि आएको छैन, स्रोत सुनिश्चित नभई रङ्गशाला बनाउने मात्र भनेर हुँदैन", खड्काले भन्नुभयो, "रङ्गशालाका लागि प्रदेश र सङ्घ सरकारको ठूलो लगानी चाहिन्छ।"डिपिआर बनेपछि रङ्गशाला निर्माण सुरु हुने खबरले यहाँका खेलप्रेमी पनि उत्साहित भएका थिए। पाँच वर्षको निर्माण लक्ष्य पूरा भइसक्दा पनि भुइँ सम्माउने र तारजाली लगाउनेबाहेक बाङ्गेचौरमा कुनै काम हुन नसकेको खड्काले बताउनुभयो।

कहिले धुलाम्मे त कहिले हिलाम्मे मैदानमा खेल प्रतियोगिता सञ्चालन गर्नुपर्ने बाध्यता छ। वर्षायाममा त बाङ्गेचोर घाँसेमैदानमा परिणत हुने गरेको छ। बाङ्गेचौर सदरमुकाममा रहेको एकमात्र खेलमैदान हो। फुटबल खेलका लागि मापदण्डयुक्त खेलमैदान भएकाले पनि बाङ्गेचौरलाई रङ्गशालाका रूपमा विकास गर्नुपर्नेमा समितिका अध्यक्ष खड्काले जोड दिनुभयो। उहाँका अनुसार पछिल्लो समय यहाँ फुटबल, क्रिकेटलगायत प्रतियोगिता नियमित हुन थालेका छन्।

बागलुङ नगरपालिकाले आधारभूतस्तरको रङ्गशाला बनाउने भनेर बजेट विनियोजन गरेपनि कार्यान्वयन हुनसकेको छैन। रामरेखा सामुदायिक वन क्षेत्रका रुख कटानका लागि अनुमति नपाएकाले मैदान विस्तार गर्न नसकिएको नगरपालिकाले जनाएको छ। मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा पर्वतीय खेलकुद तालिम केन्द्र बनाउने प्रदेश सरकारको पाँच वर्ष पहिलेको घोषणा पनि अलपत्र परेको छ। तालिम केन्द्रका लागि बर्सेनि प्राविधिक अध्ययन र डिपिआर निर्माणका लागि बजेट छुट्टिने गरे पनि खर्च नभई 'फ्रिज' भइरहेको छ।

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको युवा तथा खेलकुद महाशाखाका प्रमुख खिमबहादुर भुजेलले जग्गा प्राप्तिका लागि प्रक्रिया अगाडि बढेको बताउनुभयो। "रङ्गशालाका लागि चाहिने जग्गाको नापजाँच पनि भइसकेको छ। स्थानीय पालिकाले सहमति दिएको छ", उहाँले भन्नुभयो, "सङ्घ सरकारबाट जग्गाको भोगाधिकार पाएपछि खेलमैदानको प्राविधिक अध्ययन र डिपिआरको काम सुरु हुन्छ।"

मुस्ताङको भूगोल विशिष्ट प्रकृतिको भएकाले विज्ञहरुमार्फत भौगर्भिक अध्ययन गरेपछि मात्र पूर्वाधार निर्माण सुरु गरिने महाशाखा प्रमुख भुजेलले बताउनुभयो। उहाँका अनुसार जग्गा व्यवस्थापन भएपछि डिपिआरमार्फत फुटबल मैदान, कभर्डहलदेखि आवश्यक खेल पूर्वाधार बनाउने योजनामा प्रदेश सरकार छ। प्रसिद्ध मुक्तिनाथ मन्दिरको दक्षिणपट्टि छिङ्गुर भन्ने ठाउँमा जग्गाको खोजी गरिएको उहाँले जानकारी दिनुभयो।

थोरङ्ला भञ्ज्याङ जाने बाटोमा ३७ सय मिटरभन्दा बढीको उचाइमा छिङ्गुर क्षेत्र पर्दछ। उच्च स्थानमा खेलाभ्यासका लागि 'हाइअल्टिच्युड' तालिम केन्द्र बनाउने गरिन्छ। अक्सिजन कम भएको ठाउँमा अभ्यास गरेका खेलाडीले अक्सिजन बढी भएको ठाउँमा राम्रो खेल प्रदर्शन गर्न सक्ने खेल विज्ञहरु बताउँछन्। नेपालमा दुई हजार पाँच सयदेखि चार हजार मिटरसम्मको उचाइमा उच्च पर्वतीय खेलकुद तालिम केन्द्र बनाउन सकिने अध्ययनले देखाएको छ।रासस

# नेदरल्यान्ड्सले नामिबियालाई हरायो

**टुडे समाचारदाता**

काठमाण्डु। राजधानीमा जारी त्रिकोणात्मक अन्तर्राष्ट्रिय ट्वान्टी-२० शृंखलाअन्तर्गत विहिबार भएको खेलमा नेदरल्यान्ड्सले नामिबियालाई ५९ रनले पराजित गर्दै विजयी भएको छ।



माइकल लेभिट र साइब्रान्ड एङ्गेलब्रेख्तको उत्कृष्ट ब्याटिङमा नेदरल्यान्ड्सले नामिबियालाई जितका लागि दुई सय ४८ रनको लक्ष्य दिएको थियो। जवाफमा नामिबियाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ८८ रनमा समेटियो।

नामिबियाका लागि जान फ्रिलिङक र जान ग्रिनले समान ४२/४२ रनको योगदान दिए। त्यसैगरी जेपी कोटेजले २६ रन जोड्दा जेजे स्मिथ र रुबेन ट्रम्पलम्यानले समान १९/१९ रन बनाए। बलिङतर्फ नेदरल्यान्ड्सका टिम भान डर गुगटेनले दुई विकेट लिए भने याब्रान्ड एंगेलब्रेक्ट, रोलेफ भान डर मर्वेल, भिभियन किंग्मा र आर्यन दत्तले समान एक/एक विकेट लिए।


त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै दुई सय ४७ रनको योगफल बनाएको थियो। नेदरल्यान्ड्सका लागि माइकल लेभिटले ६२ बलमा ११ चौका र १० छक्काको मद्दतले सर्वाधिक एक सय ३५ रनको योगदान दिएका थिए। त्यसैगरी साइब्रान्ड एङ्गेलब्रेख्तले ४० बलमा सात चौका र पाँच छक्काको मद्दतले ७५ रन जोडे। तेजा निदामनुरुले १८ रन बनाए।

दोस्रो विकेटका लागि लेभिट र एङ्गेलब्रेख्तले एक सय ९३ रनको साझेदारी गरेका थिए। नामिबियाका लागि रुबेन ट्रम्पलम्यानले दुई विकेट लिए भने जान फ्रेइलिङ्कले र बेन सिकोन्गोले समान एक/एक विकेट लिए। योजितसँगै नेदरल्यान्ड्सले दोस्रो जित दर्ता गराएको छ। यसअघि भएको खेलमा नेदरल्यान्ड्सले नेपाललाई पराजित गरेको थियो। उक्त प्रतियोगिताअन्तर्गत भोलि नेपालले नामिबियासँग खेल्नेछ।

# डब्ल्यूएचओमा सहमति निर्माताको भूमिका खेलिरहेका छौँ : पियुष गोयल

**एएनआइ**

अबु धाबी। केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले बुधबार विश्व व्यापार सङ्गठन (डब्ल्यूएचओ) मा सहमति निर्माताका रूपमा भारतले महत्वपूर्ण भूमिका खेलेको बताउनुभएको छ। उहाँले धेरै देशहरूका कारण डब्ल्यूएचओले यस सहमतिमा बाधा महशुस गरिरहेको भन्दै चिन्तासमेत व्यक्त गर्नुभएको छ।



"भारतको स्थिर स्थिति हेरेर विश्वले बुझ्नु पर्नें बताउँदै उहाँले विश्व व्यापार सङ्गठनको काम सहज सुचारु नभएको तर भारत सहमति निर्माण लागि महत्वपूर्ण भूमिका खेल्दै आएपनि कतिपय देशले आँफैले गरेका सहमतिलाई यो वा त्यो बहानामा तोड्दै गरेको भेटिएको छ," गोयलले १३ औं मन्त्रीस्तरीय सम्मेलनमा भन्नुभयो।

उहाँले भारतलगायत विकासशील देशहरूको चिन्तालाई सम्बोधन गर्न कडा वकालत गर्नुभयो। उहाँले सार्वजनिक स्टकहोल्डिङको स्थायी समाधानजस्ता मुद्दाहरूमा द्रूत ध्यान दिन उहाँले आह्वान गर्नुभयो। गोयलले भारत निष्पक्ष खेल, न्यायको बलियो सिद्धान्तमा खडा रहेको बताउँदै विश्व व्यापार सङ्गठनमा लिइएका सबै निर्णयहरू भारतीय किसानहरूको सर्वोत्तम हितलाई ध्यानमा राख्दै काम गर्ने र दिगो विकास लक्ष्यहरू पूरा गर्ने सुनिश्चित गर्न चाहने बताउनुभयो।

भारतीय किसानहरूको चिन्तालाई सम्बोधन गर्दै गोयलले भाजपा सरकार किसानहरूको पक्षमा काम गरिरहेको र भाजपा आफ्नो प्रतिवद्धताबाट पछि नहट्ने उल्लेख गर्नुभयो। वाणिज्य मन्त्रीले अनुचित व्यापार अभ्यास र डब्ल्यूटीओका नियमको उल्लङ्घनसँग सम्बन्धित उजुरीहरूको समाधान गर्ने निकायको पुनःस्थापना गर्न आग्रह गर्नुभयो। यसले राष्ट्रहरूलाई स्थापित समाधान प्रक्रियामार्फत विवाद सम्बोधन गर्न सक्षम बनाउनेछ।

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट



**टुडे समाचारदाता**

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक विहिबार पनि उच्च अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २८ दशमलव ६८ अङ्कले ओरालो लागेर एक हजार नौ सय ७२ दशमलव शून्य नौ मा सिमित भएको छ।

ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक चार दशमलव ७९ अङ्कले ओरालो लागेर तीन सय ५१ दशमलव ६५ मा सिमित भएको छ । विहिबार कारोबार भएका कूल १३ उपसमूह नै ओरालो लागेको हो । कूल ७४ लाख ४६ हजार नौ सय ९१ कित्ता शेयर रू दुई अर्ब ५९ करोड ८७ लाख ३७ हजार दुई सय २८ मूल्यमा कारोबार भएको छ।

कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्ष स्थानमा छ । सो कम्पनीको रू ११ करोड १३ लाख १० हजार तीन सय ४६ बराबरको कारोबार भएको छ। जोशी हाइड्रोपावर रू १० करोड १४ लाख ३३ हजार चार सय ५५, हिमालयन रिइन्स्योरेन्स रू आठ करोड तीन लाख ३५ हजार, हाथवे इन्भेस्टमेन्ट रू छ केड ५९ लाख ९१ हजार छ सय ९६ र शिवम् सिमेन्ट रू पाँच करोड २१ लाख १२ हजार आठ सय ७० बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार, बोटलर्स नेपाल बालाजुको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । मनकामना स्मार्ट लघुवित्त नौ दशमलव ८६, मानुषी लघुवित्त तीन दशमलव ९८, समाज लघुवित्त तीन दशमलव ९०, एनएमबी-५० का लगानीकर्ताले तीन दशमलव ५९ प्रतिशतले गुमाएका छन्।

त्यस्तै, जोशी हाइड्रोपावर १०, अप्पर स्याङ्जे हाइड्रोपावर आठ दशमलव ६२, मैलुङ हाइड्रोपावर आठ दशमलव शून्य एक, इन्वा हाइड्रोपावर सात दशमलव ५८ र एनआइसी एसिया ग्रोथ फण्ड दोस्रोका लगानीकर्ताले सात दशमलव ५७ प्रतिशतले गुमाएका छन्।

# ढाकाटोपी बिक्री नहुँदा कारागारमै थन्कियो

**टुडे समाचारदाता**

खोटाङ। जिल्ला कारागार खोटाङका अधिकांश कैदीबन्दी केही न केही व्यावसायिक काममा आबद्ध छन्। केहीले धागो प्रयोग गरेर ढाकाटोपी, रुमाल, सल र पर्स बुन्छन् भने केहीले बाँसका चोया तथा भाटा प्रयोग गरेर घरायसी सामग्री निर्माण गर्छन्।

विभिन्न मुद्दामा जेल भुक्तान गरिरहेका कैदीबन्दीलाई सिर्जनशील तथा व्यावसायिक बनाउन विभिन्न दातृ निकायले निःशुल्क औजारसमेत उपलब्ध गराएका छन् । दातृ निकायले उपलब्ध गराएको घरेलु तथा आधुनिक औजार प्रयोग गरेर उनीहरूले धागोबाट निर्माण गरिने ढाकाटोपी, रुमाल, सल र पर्स, बाँसका चोयाबाट निर्माण गरिने नाङ्लो, डालो, फिपी तथा बाँसकै भाटाबाट निर्माण गरिने मुडा, कुर्सी, टेबललगायतका घरायसी सामग्री उत्पादन गर्छन्।



कैदीबन्दीले उत्पादन गरेका सामग्रीमध्ये बाँसका सामग्रीले राम्रो बजार मूल्य पाउने गरे पनि ढाकाटोपी तथा सल र पर्स भने बिक्री नभएको गुनासो आउने गरेको जेलर सोमप्रसाद आचार्यले बताएका छन्। "जिल्ला कारागारमा एक सय ५६ जना कैदीबन्दी छन् । उनीहरू सबैजना केही न केही व्यावसायिक काममा आबद्ध छन्। धागोका काम गर्ने ४५ देखि ५० कैदीबन्दी छन् । उनीहरूले उत्पादन गरेका ढाकाटोपी बिक्री भएको छैन भन्ने छ", उनले भने, "बजारमा सस्तो मूल्यको रेडिमेड (तयार गरिएको) ढाकाटोपी पाउँछ। कारागारका कैदीबन्दीले उत्पादन गरेजस्तो गुणस्तरीय पनि छैन। तर मान्छेले सोही सस्तो मूल्यको ढाकाटोपी खरिद गर्दा कारागारका कैदीबन्दीले उत्पादन गरेका ढाकाटोपी बिक्री नभएको हो भन्ने हाम्रो ठम्याइ छ।"

आफूहरूले उत्पादन गरेका ढाकाटोपी प्रतिगोटा फरक-फरक गुणस्तरको फरक-फरक मूल्य रु तीन सय, छ सय र आठ सयमा बिक्री गर्ने गरिएको कैदीबन्दीले बताएका छन् । जबकि, कारागारका कैदीबन्दीले उत्पादन गरेका सोही ढाकाटोपी दिक्तेल बजारमा सञ्चालित टेलर्स सञ्चालकले रु एक हजार पाँच सयसम्ममा बिक्री गर्दै आएका छन्।

कारागारमा रहेका कैदीबन्दीमध्ये ४३ जनाले ढाकाटोपी, सल र पर्स पाँच-पाँच जना तथा रुमाल तीन जनाले बुन्ने गरेको जनाइएको छ। उनीहरूले उत्पादन गरेका ढाकाटोपी दिक्तेल बजारका विभिन्न पसल, त्रिधार्मिकस्थल हलेसी, ऐसेलुखर्क लगायतका हाटबजारमा व्यापारीहरूले बिक्रीका लागि लैजाने गरेका छन्। यद्यपि त्योभन्दा सस्तो मूल्यमा बाहिरबाट आउने कम गुणस्तरको रेडिमेड टोपीका कारण कारागारका कैदीबन्दीले उत्पादन गरेका ढाकाटोपीले बजार नपाएको जनाइएको छ।

कैदीबन्दीले उत्पादन गरेका ढाकाटोपी बिक्रीका लागि आफूहरूले समेत बजार तथा ग्राहक खोजी गरिदिने गरेको जेलर आचार्यले बताएका छन् । कारागार अनुगमन तथा भेटघाटका लागि आउनेलाई चिनोका रूपमा कैदीबन्दीले नै उत्पादन गरेका ढाकाटोपी खरिद गरेर दिने गरिएको जेलर आचार्यको भनाइ छ।

आफूहरूले उत्पादन गरेका ढाकाटोपी बिक्री नभएपछि करिब तीन हजार थान गोदाममा थन्कयाएर राखिएको चौकीदार कर्णबहादुर बस्नेतले बताएका छन् । "अधिकांश कैदीबन्दी सिर्जनशील तथा व्यावसायिक काममा आबद्ध छौं । तर हामीले उत्पादन गरेका सामग्रीले बजार नपाउँदा समस्या भएको छ । परिबन्दले हामी जेलजीवन बिताउन बाध्य छौं । हाम्रा पनि घरपरिवार छन् । उनीहरूको गर्जो टार्नकै लागि भए पनि व्यावसायिक काम गर्छौं । तर बिक्री नहुँदा समस्या भएको छ", उनले भने, "हामीले उत्पादन गरेका सामग्रीलाई बजारीकरण गर्न सबैको सहयोग आवश्यक छ । यसमा स्थानीय तथा सङ्घीय सरकारले समेत ध्यान दिन जरुरी छ।"

कारागारमा रहेका कैदीबन्दीमध्ये बाँसका सामग्री निर्माण गर्ने कैदीबन्दीले भने राम्रो आम्दानी गर्ने गरेको जेलर आचार्यले बताउनुभएको छ। "कैदीबन्दीले उत्पादन गरेका बाँसका सामग्री जिल्लाभित्र तथा बाहिरसमेत निर्यात हुने गरेको छ । उनीहरूले उत्पादन गरेका बाँसका सामग्रीमध्ये पनि सबैभन्दा बढी मुडा बिक्री हुने गरेको पाइएको छ", उनले भने, "मुडा उत्पादन गर्ने कैदीबन्दीलाई भ्यानभ्याई भएको देखिन्छ । उनीहरूले पकेट खर्च गरेर पनि मासिक रु सात-आठ हजार बचत गर्ने गरेको पाइएको छ।"

बाँसको सिन्का (भाटा खिपेर निर्माण गरिने सानो आकारको डण्डी) बाट निर्माण गरिने १७ इन्चको मुडा रु छ सय, १८ इन्चको रु सात सय र २४ इन्चको रु एक हजार दुई सयमा बिक्री गर्दै आएका छन्। कारागारमा बाँसका चोया तथा भाटा प्रयोग गरेर घरायसी सामग्री बनाउने कैदीबन्दी ३५ जना रहेका छन् । कैदैबन्दीमध्ये कतिपयले काठका फर्निचरसमेत निर्माण गर्ने गरेका छन् । उनीहरूले बाहिरबाट खरिद गरेर ल्याइएका काठबाट टेबल, कुर्सी, दराजलगायतका सामग्री निर्माण गरेर बिक्री गर्ने गरेको कारागारले जनाएको छ।

महिला ३३ र पुरुष ६६ जनागरी ९९ जना कैदीबन्दीका लागि निर्माण गरिएको कारागारमा अहिले महिला छ जना तथा पुरुष एक सय ५० जना रहेका छन् । दिक्तेलस्थित थामखोरेमा रहेको जिल्ला कारागारको भवन तथा पर्खाल जीर्ण छ।

# सालिकसहितको उद्यान निर्माण सम्पन्न

**टुडे समाचारदाता**

गलकोट । बागलुङ नगरपालिका-१० पर्यटकीय गाउँ भकुण्डेमा ग्रामीण पर्यटनका अगुवाको सम्झनामा सालिकसहित उद्यान बनाइएको छ । चार वर्षदेखि थालिएको उद्यान तथा सालिक निर्माणले अहिले पूर्णता पाएको हो।

बागलुङको भकुण्डे गाउँमा पहिलो पटक १० रोपनी जग्गामा 'अतिथि सत्कार घरबास' (होमस्टे) सञ्चालनमा ल्याएर ग्रामीण पर्यटनका अगुवाका रुपमा परिचय बनाउनुभएका क्याप्टेन रुद्रमान गुरुङको सम्झनामा उनको अर्धकदको सालिकसहित उद्यान बनाइएको छ।उक्त पार्कमा निर्माण गरिएको क्याप्टेन गुरुङ स्मृति पार्कको मङ्गलबार प्रदेश सरकारका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री दीपेन्द्र थापाले उद्घाटन गरे । थापाले उद्यानमा राखिएको स्वर्गिय गुरुङको सालिकसमेत अनवारण गर्नुभएको थियो।

उद्यान उद्घाटन र सालिक अनावरणपछि पर्यटनमन्त्री थापाले ग्रामीण क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले निर्मित घरबासले यहाँको आर्थिकस्तर उकास्नुका साथै स्थानीयलाई रोजगारीको अवसरसमेत सृजना गरेको बताए । "अर्गानिक खाना खुवाउँदा गाउँमा भित्रिएको रकम बाहिर पठाउन पर्दैन । समृद्ध गाउँको परिकल्पना गरेर घरबास सञ्चालन गरी पर्यटनका माध्यमबाट प्रशस्त सम्भवको पहिचान गरिएको छ", उनले भने, "ग्रामीण पर्यटन तथा घरबासको परिकल्पनाकारको सम्झनामा निर्माण गरिएको सालिक र उद्यानले उनको कल्पनालाई साकार पारेको छ।"

पर्यटनमन्त्री थापाले पार्कमा थप पूर्वाधार बनाउन आगामी वर्ष पर्यटन मन्त्रालयबाट बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाए ।



भकुण्डेबासीको आर्थिक विकासको माध्यम बनेका घरबासलाई थप पूर्वाधार विस्तारका लागि प्रदेश सरकार सदैव सहयोग गर्न तयार रहेको उनको भनाइ थियो।

जिल्लाको पर्यटकीय गाउँ भकुण्डेमा घरबास पर्यटन सुरु भएको एक दशक हुन लागेको छ । घरबास प्रवर्द्धनका लागि चार वर्ष अघिदेखि निर्माण थालिएको स्मृति पार्कमा अहिलेसम्म रू ३९ लाखको पूर्वाधार निर्माण भइसकेको छ । यहाँ मुलाबारी भ्यूटावर, सङ्ग्रहालयसँगै पार्क निर्माण गरेपछि यहाँ आउने पर्यटकसमेत वृद्धि भएको स्थानीय बताउँछन्।

घरबासको खानाका परिकारले मात्रै पाहुना आर्कर्षित नहुँने भन्दै पर्यटक रमाउने र बासको परिकल्पना गरेर पार्क निर्माण थालिएको स्मृति पार्क निर्माण समितिका सल्लाहकार एवं पर्यटन प्रवर्द्धनका अगुवा खिम बहादुर थापाले बताए । "प्रदेश सरकारले यहाँका सामुदायिक घरबासलाई रू १० लाखका दरले पूर्वाधार निर्माणमा अनुदान दिने निर्णय गरेको थियो । त्यही अनुदानबाट पार्क बनाउन सुरु गरेका हौँ", उनले भने, "घरबासलाई दीर्घकालीन रुपमा फाइदा पुऱ्याउन पार्कले महत्वपूर्ण भूमिका खेल्नेछ।"

थापाका अनुसार १० रोपनी जग्गामा फैलिएको उद्यानको तारबार, दुईतर्फ प्रवेशद्वार, सार्वजनिक भवन, खानेपानी शौचालयसहित गुरुङको सालिक स्थापना भइसकेको छ।

पर्यटन मन्त्रालयको घरबास प्रवर्द्धन कार्यक्रमअन्तर्गत रू १० लाख, दुई आर्थिक वर्षमा सामाजिक विकास मन्त्रालयबाट रू २० लाख र बागलुङ नगरपालिकाको रू चार लाख गरी रू ३४ लाख खर्च भइसकेको उनले जानकारी दिए । उनका अनुसार स्थानीय, सरोकारवाला निकाय र पर्यटन व्यवसायीले पार्क निर्माणमा रू पाँच लाख चन्दा सहयोग गरेका छन् । विस्तृत अध्ययन प्रतिवेदनअनुसार पार्कले पूर्णता पाउन रू तीन करोड लाग्ने जनाइएको भएपनि पार्क सञ्चालनका लागि आधारभूत पूर्वाधार निर्माणमा अझै रू ५० लाख खर्च गर्न आवश्यक रहेको निर्माण समितिका सल्लाहकार थापाको भनाइ छ।

पार्कको चार रोपनी जग्गामा फलफूल बगैंचा, एक रोपनी जग्गामा फूल बगैंचा र दुई रोपनी जग्गामा चिल्ड्रेन पार्क निर्माण गर्ने लक्ष्य लिइएको अतिथि सत्कार सामुदायिक घरबासका अध्यक्ष मुना थापाले बताए। उनले पार्क सञ्चालनको खर्च पार्कबाटै उठाउने गरी फलफूललाई आम्दानीको स्रोत बनाउने लक्ष्य राखिएको जानकारी दिए । बागलुङ नगरपालिकाले पर्यटकीय गाउँका रुपमा भकुण्डेलाई विकास गर्न लागेको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले बताए। उनका अनुसार उद्यानमा पर्यटनसँग सम्बन्धित खोज र अनुसान्धानका सामग्रीसमेत रहने छन्। अहिले घरबासमा आन्तरिकसँगै विदेशी पर्यटकसमेत आउन थालिसकेका उनको भनाइ थियो।

अष्ट्रेलियन नागरिक टमी र भूतपूर्व गोरखा सेनाका अवकाशप्राप्त लाहुरे गुरुङले विसं २०५४ असोजदेखि स्याङ्जाको सिरुबारीमा नेपालको पहिलो ग्रामीण पर्यटन गाउँ सञ्चालन गर्नुभएको थियो । उहाँहरुको अवधारणमा नेपालमा घरबास पर्यटन थालिएको भन्दै बागलुङका घरबास सञ्चालकले यहाँ वृहत पार्क निर्माण गरी गुरुङलाई सम्मान प्रदान गरिएको सामुदायिक घरबासका अध्यक्ष थापाले जानकारी दिए । घरबासमा एकै रातमा ५० जना पहुँना राख्न सकिने घरबास सञ्चालकको भनाइ छ। घरबासमा पहुँनाको रोजाइअनुसारको सेवा सुविधा दिइँदै आइएको अध्यक्ष थापाले बताए।

# बाली जोगाउन मध्यवर्ती क्षेत्रमा तारजाली



**टुडे समाचारदाता**

राँझा । बाँकेमा जङ्गली जनावरबाट बाली जोगाउन मध्यवर्ती क्षेत्रमा तारजाली लगाइने भएको छ । बाँकेको राप्तीसोनारीगाउँपालिका, कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिकाका केही वडामा बसोबास गर्ने सर्वसाधारणको जमिन बाँके राष्ट्रिय निकुञ्जसँग जोडिएको छ। मध्यवर्ती क्षेत्रका बस्तीमा जङ्गली जनावरबाट बाली जोगाउन सर्वसाधारणलाई मुस्किल भएको छ।

जङ्गली जनावरबाट बाली जोगाउन राप्ती सोनारीका मध्यवर्ती क्षेत्रमा पर्ने वडा कार्यालयले सामुदायिक वन क्षेत्रमा चार सय ७५ मिटर तारबार लगाइने वडाध्यक्ष थारूको भनाइ छ । बाँकेमा निकुञ्जसँग जोडिएको बैजनाथ गाउँपालिका-१ को चिसापानी, गाभर, कोहलपुर नगरपालिका-१३ को खड्कवार, भरैया र राप्ती सोनारी गाउँपालिका-९ को महादेवा, बुच्चापुर, वालापुर, वडा नं ८ को शम्शेरगञ्ज, गोठेरी, बाँदरभरिया र वडा नं १ को खासकुस्माका गाउँबस्तीमा जङ्गली जनावर प्रवेश गरी अन्न बाली नष्ट गरिदिएपछि सर्वसाधारण चिन्तित छन्।

> पाँच सय ५० वर्ग किलोमिटरमा फैलिएको बाँके निकुञ्जको कोहलपुरबाट शिवखोलासम्म पूर्व-पश्चिम राजमार्गको दूरी ७२ किलोमिटर रहेको छ । निकुञ्जभित्र पर्ने तीन सय ४३ वर्ग किलोमिटर मध्यवर्ती क्षेत्रमा निकुञ्जले पनि तारजाली निर्माण गर्ने गरेको बाँके राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत कुननारायण चौधरीले जानकारी दिए ।

जङ्गली जनावरले आलु, तोरी, मकै, गहुँलगायतका हिउँदे तथा बर्खेबालीमा बढी नोक्सानी पुर्याउने गरेको राप्ती सोनारी गाउँपालिका-९ बुच्चापुरका लीला परियारले बताए । उनले यो मौसममा आफ्नो पाँच कठ्ठा क्षेत्रफलमा लगाएको तोरी जनावारले नष्ट गरिदिएको जानकारी दिए । उनका अनुसार आलु, मकै र तोरी बाली बँदेलले बढी मन पराउने भएकाले यो समयमा बँदेलको बिगबिगी हुने गरेको छ।

कोहलपुर नगरपालिका-१३ खड्कावारका स्थानीय अगुवा शिक्षक दुर्गा डाँगीले जङ्गली जनावारले खेतीबाली खाइदिएर ठूलो क्षति पुर्याएको बताए । "मेहनत गरेर वर्ष दिनभरि खाने खेती उब्जनी गर्यो जनावरले खाइदिन्छन्", डाँगीले भने, "जङ्गली जनावारका कारण गाउँलेको उठिबास हुने हो कि भन्ने चिन्ता छ।"

राप्ती सोनारी गाउँपालिका-८ नं वडा कार्यालयले पनि जङ्गली जनावर नियन्त्रणका लागि मध्यवर्ती क्षेत्रको जङ्गल क्षेत्रमा तारजाली निर्माणलाई प्राथमिकता दिएको छ । यो वर्ष मध्यवर्ती क्षेत्रको अमुवागाउँमा करिब तीन सय मिटर तारबार मेसजाली लगाउने योजना रहेको वडाध्यक्ष शालिकराम डाँगीले बताए।

राप्ती सोनारी-१ खासकुस्माका गाउँबस्तीमा जङ्गली जनावरले धेरै दुःख दिने गरेको वडाध्यक्ष यमबहादुर खड्का बताउछन् । उनले राप्ती सोनारी गाउँपालिकाले विगतका वर्षमा तारजालीको योजना ल्याए पनि गत वर्ष र यो वर्ष कुनै काम हुन नसकेको उल्लेख गरे । तारजाली लगाएपछि जङ्गली जनावरबाट हुने क्षति केही कम भएको उनको भनाइ छ।

पाँच सय ५० वर्ग किलोमिटरमा फैलिएको बाँके निकुञ्जकोकोहलपुरबाटशिवखोलासम्म पूर्व-पश्चिम राजमार्गको दूरी ७२ किलोमिटर रहेको छ। निकुञ्जभित्र पर्ने तीन सय ४३ वर्ग किलोमिटर मध्यवर्ती क्षेत्रमा निकुञ्जले पनि तारजाली निर्माण गर्ने गरेको बाँके राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत कुननारायण चौधरीले जानकारी दिए । बाँके क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य सूर्य ढकालले बाँके राष्ट्रिय निकुञ्जका वन्यजन्तुबाट मानव तथा बालीनालीमा हुने क्षति न्यूनीकरण गर्न मध्यवर्ती क्षेत्रमा तारबारका लागि सङ्घीय सरकारसँग योजना माग गरिएको बताए।

यो वर्ष तारजाली लगाउने तयारी गरेका छन् । अन्य कुनै उपाय नभएपछि तारजाली लगाउने योजना अगाडि सारेको राप्ती सोनारी गाउँपालिका-९ का वडाध्यक्ष सोहनलाल थारूले जानकारी दिए । "निकुञ्जबाट आउने जनावरले जनताको बालीमा नोक्सानी पुर्याउने क्रम नरोकिएपछि तारजाली लगाउने प्रक्रिया अगाडि बढाएका छौं", वडाध्यक्ष थारूले भने, "यो वर्ष बढी प्रभावित क्षेत्रमा तारजाली लगाउने कार्य सुरु भएको छ।"

राप्ती सोनारी-९ मा रहेको भिझरी मध्यवर्ती

# जलाशयको पानीले कृषिजन्य उत्पादन वृद्धि

**टुडे समाचारदाता**

देउखुरी। घोराही उपमहानगरपालिकाले पानीको स्रोत संरक्षण गर्दै किसानको आम्दानी बढाउन कृत्रिम जलाशय निर्माण गरेको छ। नगरलाई सुक्खा हुनबाट बचाउन जलाशय निर्माण अभियान अहिले प्रभावकारी बनेको छ।

'एक वडा, एक जलाशय' अभियानअन्तर्गत प्रदेश र स्थानीय सरकारको संयुक्त प्रयासमा हालसम्म २८ वटा जलाशय निर्माण भइसकेका छन्। प्रदेश सरकारको रु ४५ लाख, स्थानीय सरकारको रु ५० लाख र उपभोक्ताको रु पाँच लाख लागतमा उक्त जलाशय निर्माण गरिएको हो।

घोराही उपमहानगरपालिका-१७ कर्जाहीमा रहेको कृत्रिम जलाशयका कारण सो क्षेत्रमा पानीको समस्या हटेको किसान पूर्णबहादुर चौधरीले बताए। जलाशयको पानीले सिँचाइ हुने भएपछि बाह्रै महिना तरकारीखेतीमार्फत आम्दानी पनि भइरहेको उनले बताए।

कृत्रिम जलाशय निर्माण गरेपछि पानीको सहज आपूर्ति भएको किसानको भनाइ छ। "वडा नं १७ र आसपासको वडामा सिँचाइका लागि पानी पुगेको छ। कर्जाही आसपासमा एक सय बिघाभन्दा धेरै जमिनमा यस जलाशयको पानीमार्फत सिँचाइ भई व्यावसायिक तरकारीखेती भइरहेको छ", चौधरीले बताए।

घोराही उपमहानगरपालिकाले प्रदेश सरकारको आर्थिक सहयोगमा वडा नं १ र २ को सीमाक्षेत्रमा पर्ने सुर्केडाँगीमा (चेपे ताल)मा तीन वर्षअघि करिब साढे सात बिघा क्षेत्रफलमा निर्माण गरिएको कृत्रिम जलाशयपछि खेतीपातीमा सहज भएको किसान मीना चौधरीले सुनाईन्। "जलाशय निर्माणपछि सिँचाइको समस्या छैन। यसले व्यावसायिक तरकारीखेतीमा सहयोग पुगेको छ", उनले भने, " मैलेमात्रै काउली, बन्दा, गोलभैंडा गरी मासिक रु २० देखि २५ हजार आम्दानी गरिरहेकी छु। लौका, करेला, भिन्डी र काँक्राको खेती पनि राम्रो भइरहेको छ।"

जलाशय संरक्षण समितिका अध्यक्ष एवं वडा नं १ का अध्यक्ष राममणि पाण्डेले जलाशयमा माछापालनसँगै डुङ्गासमेत सञ्चालन गरिएको बताए। अध्यक्ष पाण्डेका अनुसार कृत्रिम जलाशय प्रदेश सरकार र घोराही उपमहानगरको करिब रु एक करोड ८० लाखको लगानीमा निर्माण भएको हो। "जलाशय ठूलो छ, सोही कारण सिँचाइसँगै माछापालन, डुङ्गा सञ्चालन गरेर स्थानीय युवालाई रोजगारीसमेत दिएका छौं", पाण्डेले भने।

सघन सिँचाइ आयोजनाले तीन, बृहत् सिँचाइ आयोजनाले एक, प्रदेश सरकारले तीन र उपमहानगरले २१ गरी पाँच वर्षमा २८ कृत्रिम जलाशय निर्माण भएका छन्। गर्मीमा पानीको समस्या धेरै नै थियो। तीव्र सहरीकरणले नगरभित्रका सहरोन्मुख गाउँका कुँवा, इनार, ट्यूबवेल, जरूवाजस्ता पानीका स्रोत सुक्दै गएका छन्। त्यसैले पशुचौपाया, वन्यजन्तु, चराचुरुङ्गीको बासस्थान सुरक्षित गर्न र सिँचाइका लागि कृत्रिम जलाशय निर्माण गरिएको हो।

नगरलाई सुक्खा हुनबाट बचाउन सुरु भएको जलाशय निर्माण अभियान अहिले प्रभावकारी बनेको नगरप्रमुख नरूलाल चौधरीले बताए। उनले नगरमा पानीका स्रोत बचाउन पानी सङ्कलन केन्द्रमार्फत 'रिचार्ज' गरिएको उल्लेख गरे। "नगरमा जनघनत्व बढ्दै जाँदा सहरी क्षेत्र बढ्यो। जसले गर्दा पानीका मुहानहरू सुक्दै गए। पानीको अभावलाई कम गर्न र जनतालाई प्रत्यक्ष आम्दानीमा जोड्नका लागि कृत्रिम जलाशय निर्माण गरेका हौं", उनले भने, "नयाँ निर्माण गरेका पोखरीमा वर्षामा पानी जम्मा गरिन्छ। जलाशय निर्माणले कृषिसँगै जमिन र पारिस्थितिक प्रणालीमा पनि सन्तुलन ल्याउने अपेक्षासहित हामीले काम गरेका हौं", उनले भने।

जलाशय निर्माण भएका स्थानमा बाह्रै महिना खेती हुने गरेको सोही ठाउँका किसान बताउँछन्। घोराही क्षेत्रका जलाशय पाँच कठ्ठादेखि पाँच बिघासम्म फैलिएका छन्।

# चुरे क्षेत्रको संरक्षणमा सक्रियता बढाइँदै

**टुडे समाचारदाता**

सिरहा । डिभिजन वन कार्यालय लहानले चुरे क्षेत्रको संरक्षणका लागि निरन्तर सक्रियता बढाउँदै गएको छ। यसभन्दाअघि खासै चर्चामा नरहेको सो कार्यालयले केही महिनायता वन क्षेत्रबाट चोरी निकासी गर्ने काठ र खोलानालाबाट अवैध रूपमा बालुवा गिटी निकासी गर्नेलाई कानुनी दायरामा ल्याउन सक्रियता बढाएको छ।



कार्यालयका सूचना अधिकारी राधेश्याम चौधरीका अनुसार फागुनमा मात्रै कर्जन्हा नगरपालिका बडहारामाल नमुना सामुदायिक वन क्षेत्रबाट आगलागी नियन्त्रण, एक ट्र्याक्टर काँचो लाथ्रा काट्ने हतियार जफत, गोलबजार नगरपालिका-१० बस्ने नैनकुमार मुखियालाई अवैध सालको चिरान काठ ओसारपसार गरेको आरोपमा जिल्ला अदालत सिरहामा मुद्दा दायर, मुखियासहित चार जनाले साइकलबाट काठ ओसारपसार गर्दा वन ऐन २०७६ को दफा ४ र ६ बमोजिम कसुर गरिएको हुँदा सोही ऐनको दफा ५० बमोजिम सजायको माग गरिएको छ। मुखियासहित तीन जनाबाट ९.३४ घनमिटर साल चिरान बरामद गरिएको छ।

फागुन १४ गते सब डिभिजन वन कार्यालय चोहर्वाको गस्ती टोलीले गोलबजार नगरपालिका-९, मुक्सार चुरे क्षेत्रबाट विभिन्न प्रजातिको काँचो दाउरा नियन्त्रणमा लिएको, फागुन ८ गते सबडिभिजन कार्यालय धनगढीको गस्ती टोलीले चुरे क्षेत्रबाट आठ बोरा चार सय किलोग्राम खोटे सालको जरा धुपमा प्रयोग गर्ने सरर बरामद, फागुन ६ गते गोलबजार चोहर्वा गस्ती टोलीद्वारा उदयपुरको नजिक चुरे वन क्षेत्रबाट ल्याएको सखुवा प्रजातिको १२ थान चिरानी फन्टा र पाँच थान साइकल बरामद गरेको छ।

यस्तै लहान नगरपालिका-१५, चुरे वन क्षेत्रमा पर्ने खुटी खोलामा अवैध रूपमा ढुङ्गा, गिटी, बालुवा उत्खनन गरेको आरोपमा पक्राउ परेका सिरहा जिल्ला कर्जन्हा नगरपालिका वडा नं. २ बस्ने एक्साभेटर अपरेटर बिन्देश्वरकुमार महतो, सप्तरीको सुरुङ्गा नगरपालिका-१ बस्ने अजयकुमार चौधरी, चिनियाँ रेलवे इन्जिनियरिङ समूह २ का काठमाण्डुका लहानस्थित साइट इन्जिनियर हुँ जियाङ तथा फरार काठमाण्डु परियोजना इन्चार्ज झ्याङ्ग बाओभ्फोङ्ग र लहान नगरपालिकाका इन्जिनियर एकमणि सिपलियालाई वातावरण संरक्षण ऐन २०७६ को दफा ३ ख वन नियमावली २०७९ को नियम ३० (५) अनुसार जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ।

सिरहास्थित सबडिभिजन कार्यालय अन्तर्गत वन रक्षक, वन प्राविधिक र कर्मचारीहरूलाई चुरे संरक्षण गर्नका लागि उच्च मनोबल बनाएर सक्रिय गराएपछि दिनहुँ सफलता हात लाग्दै गइरहेको छ।

चुरे क्षेत्रको वन विनाश रोक्न र अवैध गिटी, बालुवा, ढुङ्गा निकासी रोक्न कारबाही गर्दा राजनीतिक दलका नेता, जनप्रतिनिधिहरूबाट समस्या भए पनि उपलब्ध वन ऐनमा टेकेर कारबाही गर्दै गएपछि सुरुमा असहयोग गर्नेहरू अहिले राम्रो काम गरेको भन्दै प्रशंसा गरिरहेको डिभिजन वन कार्यालय लहानका प्रमुख सुजितकुमार झाले बताए।

जिल्ला समन्वय समिति सिरहाका प्रमुख दिनेशकुमार महत भन्छन्, "डिभिजन वन कार्यालय लहानले जसरी केही महिनायता काम र कारबाही अगाडि बढाएको छ, यही गतिमा विगतका कार्यालय प्रमुखहरूले काम कारबाही गरेको भए सिरहाको चुरे विनाश हुने थिएन।"

# महाशिवरात्रीको तयारी

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको सदरमुकाम राविराज-७ स्थित हरिनन्देश्वर महादेव मन्दिरमा यस वर्ष महाशिवरात्रीको अवसरमा १ लाख भन्दा बढी श्रद्धालु आउने अनुमान सहित आवश्यक तयारी सुरु गरिएको छ।

यस पटक फागुन २५ गते शुक्रवारका दिन महाशिवरात्री परेको छ। बिहीबार मन्दिर संरक्षण तथा सम्बर्द्धन समितिका अध्यक्ष ध्रुव प्रसाद देवको अध्यक्षतामा वसेको बैठकले महाशिवरात्रीका दिन यस पटक १ लाख भन्दा बढी श्रद्धालु आउने विश्वासका साथ आवश्यक तयारी सुरु गरिएको छ।




महाशिवरात्रीको तयारीका लागि रंगरोगन, सरसफाई, मञ्च व्यवस्थापन, दीपोत्सव, महाआरती लगायतका काम अघि बढाउन विभिन्न उपसमिति समेत गठन गरिएको अध्यक्ष देवले बताए। उनका अनुसार यस वर्ष १ लाख भन्दा बढी श्रद्धालु आउने अनुमानका साथ तयारी अघि बढाइएको छ।

मन्दिरको रंगरोगनको जिम्मा राजविराज नगरपालिकाले लिएको समितिका सदस्य सञ्जयकुमार झाले बताए। भक्तजनलाई व्यवस्थित तरिकाले दर्शन गर्ने ब्यवस्थाका लागि स्वयसेवकका साथै जिल्ला प्रहरी कार्यालयको समन्वयमा सुरक्षा व्यवस्था मिलाइने तयारी भएको अध्यक्ष देवले बताए।

मूल पुजारी महेश्वर भारतीले यस पटक मन्दिर परिसरमा भजन, किर्तन, अष्टयाम लगायतका धार्मिक कार्यक्रमका साथै १ लाख २५ हजार दीप प्रज्जवलन तथा महाआरती कार्यक्रमको समेत आयोजना गर्ने निर्णय भएको जानकारी दिए। उनले मन्दिर परिसरमा आयोजना हुने उक्त कार्यक्रममा सहभागी हुन सबै जिल्लावासीमा प्रचारका विभिन्न माध्यमबाट आह्वान गरिएको बताए।

यस्तै जिल्लाको शम्भुनाथ, अंकुरी महादेव, लालेश्वरनाथ, डाक्नेश्वरी लगायतका शिवालयहरुमा पनि महाशिवरात्रीको तयारी सुरु गरिएको सम्बद्ध मन्दिर समितिले जनाएको छ।

# परीक्षण सम्बन्धी भन्सार सक्रिय

**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय व्यवसायीहरुलाई भन्सार जाँचपासपछिको परीक्षणमा निकै कठिनाइ र समस्या उत्पन्न हुँदा अनाहकमा फस्ने गरेको भन्दै भन्सार विभागसँग समन्वय तथा सहकार्य भएको छ।

जनकपुरधाम उद्योग वाणिज्य संघको समन्वयमा भन्सार जाँचपास परीक्षण कार्यालयले स्थानीयस्तरमा प्रतिनिधि मूलक रुपमा प्रशिक्षण दिएका छन्।




भन्सार जाँचपास पछिको परीक्षण सम्बन्धी अवधारणा तथा प्रक्रियाबारे जानकारी दिँदै भन्सार विभागका प्रमुख भन्सार परीक्षक जनार्दन पौडेलले स्थानीय व्यवसायीहरुले आयात तथा निर्यात गर्दा कानुनी प्रक्रियागतरुपमा भर्ने क्रममा विजकीकरण, वर्गीकरण, कैफियत लगायतकामा त्रुटिपूर्ण हुँदा कठिनाइ र समस्या उत्पन्न हुने गरेको स्पष्ट पारे।

> जनकपुरधाम उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष मनिष रमण साहले स्थानीय भन्सार कार्यालय, सुरक्षा निकाय तथा जनकपुरधाम भन्सार कार्यालयले व्यवसायीसँगको समन्वय र सहजीकरणमा बाधा अवरोध उत्पन्न गर्दा समस्या उत्पन्न हुने गरेको बताए।

त्यसैले यहाँका भन्सार सम्बन्धी कामकाज गर्दा निर्धकताका साथ अघि बढ्न आग्रह गरे।

भन्सार जाँचपास परीक्षण सम्बन्धी अन्तरक्रिया तथा गोष्ठीमा बोल्दै प्रमुख भन्सार परीक्षक पौडेलले यहाँका व्यवसायीहरुले सामग्री आयात गर्दा भन्सारको प्रज्ञापन पत्र सरोकारवालाहरुलाई तालिममार्फत सहजीकरण गरेको उनले बताए।

उनले भन्सारबाट कानुनी प्रक्रियारुपमा सामग्री आयात वा निर्यात गर्दा कसैसँग पनि डराउनुपर्ने आवश्यकता नरहेको समेत बताए।

जनकपुरधाम उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष मनिष रमण साहले स्थानीय भन्सार कार्यालय, सुरक्षा निकाय तथा जनकपुरधाम भन्सार कार्यालयले व्यवसायीसँगको समन्वय र सहजीकरणमा बाधा अवरोध उत्पन्न गर्दा समस्या उत्पन्न हुने गरेको बताए।

उनले भन्सार कार्यालयबाट सामग्रीलाई जाँचपास गरी नियम संगतरुपमा विल भरपाई लिएर आउँदा समेत सशस्त्र प्रहरीले बाटोबाटै सामग्री नियन्त्रणमा लिएर पुनः भन्सारमा बुझाउँदा समेत सम्बन्धित व्यवसायीलाई दुःख दिने गरेको गुनासो गरे।

सो गोष्ठीमा सहभागी भएका धनुषा, महोत्तरी, सर्लाहीका भन्सार कार्यालयका प्रतिनिधि तथा सरोकारवालले भन्सार कार्यालय परिसरमा पार्किंगको सुविधा तथा सामग्री राख्ने स्थल नहुँदा कच्चा पदार्थ लगायतका सामग्रीहरु समेत सड्ने सम्भावना रहेकोले यसप्रति सम्बन्धित निकायले गम्भीरतापूर्वक ध्यान दिनुपर्ने बताए।

# लथालिङ्ग 'इको पार्क'

**टुडे समाचारदाता**

जलेश्वर । प्रदेश सरकारले लाखौं मूल्य खर्च गरेर महोत्तरीको जंगल क्षेत्रमा निर्माण गरिएका वातावरणीय महत्वका 'इको पार्क' हरू संरक्षण अभावमा लथालिङ्ग अवस्थामा पुगेका छन्। बर्दिबास नगरपालिका-४, माईस्थान र वडा नं १० लक्ष्मीनियामा निर्माण गरिएका दुवै पार्क व्यवस्थापनको लापरबाहीले प्रदूषित र प्रयोगविहीन भएका छन्।




पार्क निर्माण सम्पन्न भएको दुई वर्ष बितिसक्दा पनि त्यसको न उद्घाटन भएको छ न रेखदेखको व्यवस्था मिलाइएको छ। यो पार्क सर्वसाधारणका लागि खुला पनि गरिएको छैन्। तत्कालीन प्रदेश २ सरकारको पुँजीगत कार्यक्रम अन्तर्गत जनही २० लाख रुपैयाँ बजेट खर्चेर निर्माण गरिएका दुवै पार्क समुचित व्यवस्थापनको अभावमा अस्तव्यस्त बन्न पुगेको छ।

डिभिजन वन कार्यालय महोत्तरीका अनुसार दुवै इको पार्क आव ०७७/७८ मै निर्माण भएका छन्। यी पार्क हेटौंडा ढल्केबर ४०० केभी हाइटेन्सन लाइनको मुनि निर्माण गरिएका छन्। पार्कमा घेरबार, जैविक विविधता झल्कने आरसिसी बेन्च, सिमेन्ट टायल्स लगाएको पदमार्ग, बाटोको दायाँ बायाँ फूल बगैंचा, फलामे गेट जस्ता सबै पूर्वाधार तयार छन्।

पार्कनजिकै रहेको सबडिभिजन वन कार्यालय माईस्थानका एक कर्मचारीका अनुसार सुरुमा यी पार्कको चारैतिर एक सयभन्दा बढी त धुपी र अशोकका बोट मात्र रोपिएको थियो। 'सुन्दर पार्क हेर्दैमा मन प्रशन्न हुन्थ्यो', ती कर्मचारीले विगत सम्झे। अहिले भने रोपिएका सबै बिरुवा सुकेर गएका छन्। पार्कलाई काँस, वनमारा र माइकोनिया झारका घारीले कुरूप पारेको छ। रेखदेख र स्याहार सम्भार नहुँदा भावर क्षेत्रको जैविक र परिस्थितिकीय महत्व बोकेका दुवै इको पार्क खण्डहर बनेका छन्।

पार्कनजिकै बर्दिबास-४, माईस्थानमा धार्मिक, ऐतिहासिक र प्राचीन महत्व बोकेको पञ्चधुरा मन्दिरसमेत भएकाले इको पार्कले धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्ने सर्वसाधारणमा आशा जगाएको थियो तर सञ्चालन गर्न नसक्दा अमूल्य सम्पदा पत्रु बनेको वडाध्यक्ष अक्कलबहादुर तामाङले बताए। राज्यको ठूलो लगानीमा निर्माण भएका दुवै पार्कको जिम्मेवार को ? त्यो पनि स्पष्ट छैन। जिज्ञासा राख्दा प्रदेश वन निर्देशनालय र डिभिजन वन कार्यालयहरू एकले अर्कोलाई जिम्मेवार देखाएर पन्छने गरेका छन्। यद्यपि थोत्रो हुन लागेका पार्कको बोर्डमा भने तत्कालीन प्रदेश नं २ सरकारको वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय र डिभिजन वन कार्यालय महोत्तरी उल्लेख छ।

डिभिजन वन कार्यालय महोत्तरीका डिएफओ सन्तोष झाले कुनै पनि कार्यक्रम सञ्चालन गरिसकेपछि त्यसको संरक्षण व्यवस्थापनको सुनिश्चित भए त्यो प्रभावकारी हुने धारणा राखे। वन क्षेत्रमा संरचना निर्माण भए पनि संरक्षण व्यवस्थापनका लागि बजेट व्यवस्था नभएको र कुनै निकायलाई जिम्मेवारी हस्तान्तरणसमेत नगर्दा पार्क बेवारिसे अवस्थामा पुगेको उनको भनाइ थियो। प्रदेश वन निर्देशक जगन्नाथप्रसाद जयसवालले पार्कको दुरवस्थाको जिम्मेवार डिभिजन वन कार्यालय भएको आरोप लगाए। हाइटेन्सन मुनिको खाली जग्गालाई सदुपयोग गर्न तथा पर्यावरण संरक्षण गर्दै आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण गरिएका इको पार्क माईस्थान गढन्ता साझेदारी वन तथा बाँके मरहा साझेदारी वन अन्तर्गत पर्दछन्।

# बर्दिबासमा राष्ट्रिय कराते प्रतियोगिता सुरु

**टुडे समाचारदाता**

बर्दिबास । बर्दिबासमा प्रथम मिथिला राष्ट्रिय कराते प्रतियोगिता-२०८० सुरु भएको छ। सातवटै प्रदेशका करिब १५ सय कराते खेलाडीको सहभागिता रहको प्रतियोगिताको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत्‌सिंह भण्डारीले बिहीबार उद्घाटन गरे।

मन्त्री भण्डारीले नेपालको खेलकुद क्षेत्रमा मार्सल आर्ट्सको योगदान उल्लेख्य रहेको बताए। "खेलाडीहरूको श्रम र योगदानको कदर गर्दै उनीहरूको आत्मनिर्भर र सम्मानित जीवनका लागि राष्ट्रले ठोस कदम चाल्नु आवश्यक छ," भण्डारीले भने।

नगरप्रमुख प्रह्लाद क्षेत्रीले बर्दिबासमा खेल पर्यटनको प्रचुर सम्भावना भए पनि सरकारको बर्सेनि बजेट कटौती गर्दै जाने प्रवृतिले खेल क्षेत्रमा चाहे जस्तो रकम विनियोजन गर्न नसकेको समस्या बताए।

उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रदेश सांसद शारदादेवी थापा, जिल्ला समन्वय समिति महोत्तरी प्रमुख सुमनलाल कर्ण, कराते महासंघका अध्यक्ष युवराज लामा, संस्थापक अध्यक्ष दावा गुरुङले स्वास्थ्य, समुन्नत र अनुशासित समाजका लागि खेलकुदको विकास अपरिहार्य रहेको धारणा राखे।




कराते महासंघ मधेश प्रदेशका सचिव कसम लामाकाअनुसार फागुन १९ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा सात प्रदेश, नेपाली सेना, सशस्त्र प्रहरी र आयोजक गरी १० टोलीको सहभागिता रहेको छ। बर्दिबास नगरपालिकाको सहयोगमा नेपाल कराते महासंघले आयोजना गरेको प्रतियोगिताको पुरुषतर्फ एकल काँता र टिम काँताका ५०, ५५, ६०, ६७, ७५, ८४ र ८४ प्लस केजी गरी ७ विधामा प्रतिस्पर्धा हुने जनाइएको छ।

यस्तै महिलातर्फ पनि एकल र टिम काँताका ४५, ५०, ५५, ६१, ६८, र ६८ प्लस केजीसमेत ६ विधामा प्रतिस्पर्धा हुने लामाले जानकारी दिए। प्रतियोगितामा एरिका लामा, निरुपमा गुरुङ, कुसुम खड्का, एलिसा राजकोटी जस्ता राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका खेलाडीको सहभागिता रहेकोले बर्दिबास प्रतियोगिताको आकर्षण र चर्चा चुलिएको छ।

कराते प्रतियोगिताको उद्घाटन बिहीबार भए पनि बर्दिबासमा यसको गतिविधि भने १४ गतेदेखि नै सुरु भएको थियो। यस अवधिको पहिलो तीन दिन एक सय ५० जना महिला रेफ्रीसहित नौ सय जनाको सहभागितामा छैटौं राष्ट्रिय रेफ्री सेमिनार र कोच परीक्षा जस्ता मार्सल आर्ट्सका महत्वपूर्ण गतिविधि सम्पन्न भएको आयोजकले जनाएको छ। कोच परीक्षामा स्तर अपग्रेडका लागि ५० जना सहभागी भएको लामाले जनाए। फाइनल खेल शनिबार हुनेछ।

# राजनीतिसँगै कृषिकर्ममा पूर्वप्रमुख चौधरी

सिरहा ।

***ज्यूँदै मर्याको भनि नाम छ कस्को ?***
***उद्यमबिना बित्तछ काल जस्को ।***

आदिकवि भानुभक्त आचार्यको प्रश्नोत्तरी कविताका यी पङ्क्ति उद्यम गर्नेका लागि प्रेरित छन्। तर धेरैले यसको भाव अनुशरण गरेका हुँदैनन्। अझ राजनीतिमा सक्रिय अधिकांश मानिसहरू त कुनै इलमबिनै रहरलाग्दो जीवन बाँचिरहेका पनि देखिन्छन्। एकपटक सार्वजनिक लाभको पद र जिम्मेवारी बहन गरिसकेपछि बाँकी के चाहियो र ? भन्नेहरू पनि छन्। तर यो धारणा सधैं र सबैका लागि लागू नहुनसक्छ। त्यसैको उदाहरण हुनुहुन्छ सिरहाको धनगढीमाई नगरपालिकाका पूर्वप्रमुख हरिनारायण चौधरी।

विसं २०७४ को स्थानीय निर्वाचनबाट नगरप्रमुख हुनुभएका चौधरीले आफ्नो कार्यकाल सकिएसँगै राजनीतिसँगै कृषिलाई मुख्य पेसा बनाउनुभएको छ। "सार्वजनिक पदमा हुँदा वा नहुँदा पनि मैले कृषिकर्म छोडिनँ। मलाई माटोमा नङ्ग्रा खियाउन, भकारो सोर्न, डोको बोक्न कहिल्यै अप्ठ्यारो लागेन। मेरो यो कर्म पछिल्लो एक दशकदेखि चलिरहेको छ", चौधरीले राससँग भन्नुभयो, "नगरप्रमुखको जिम्मेवारी सकिएपछि त झनै सक्रियताका साथ लागेको छु। काम त गरिखानुपर्यो नि सबैले।"

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का केन्द्रीय सदस्यसमेत रहनुभएका चौधरीले आफ्नो आम्दानीको स्रोत नै कृषि पेसा बताउनुभएको छ। उहाँले डेढ बिघामा तोरी, दुई बिघामा हिउँदे मकै र अढाई बिघामा घाँसखेती गरिरहनुभएको छ। एउटै याममा १५ क्विन्टल तोरी, ९० क्विन्टल हिउँदे मकै र घाँस तथा बीउ बेचेर करिब रु १० लाखसम्म आम्दानी हुने गरेको उहाँले सुनाउनुभयो।

"राजनीतिमा नाम छ तर आर्थिकरूपमा जीवन धान्न धौधौ छ। राजनीति विशुद्ध समाजसेवा हो। त्यसैले परिवारको जोहो टार्न र जीवनयापन गर्न केही त गर्नैपर्छ", चौधरी भन्नुहुन्छ, "त्यसैकारण मैले व्यावसायिक कृषि सुरु गरेको हुँ। अहिले राजनीतिमा मात्रै हुँदाजस्तो आर्थिक अभाव झेल्नुपरेको छैन।"

उहाँ सार्वजनिक पदधारण गरेका हरेक व्यक्तिको जीवनशैली पारदर्शी हुनुपर्ने भन्दै त्यसको उदाहरण आफैँबाट सुरु गर्नुपर्ने मान्यतासहित उद्यममा जोडिएको बताउनुभयो। "सार्वजनिक ओहोदामा रहेका व्यक्तिबारे गलत धारणा छ। काम नगरेरै बाँचिरहेका छन् भन्ने आरोप बारम्बार सुन्नुपरिरहेको छ। त्यो स्वाभाविक पनि हो। समाजलाई डोहोर्याउने जिम्मेवारीमा रहेका नेतृत्वकर्मीले बोलेरभन्दा पनि व्यवहारबाटै जवाफ दिन आवश्यक छ। अहिले कृषिकर्ममा जोडिएपछि मैले परिवारको जीवनयापन सहजरूपमा गर्न सकेको छु। साथै राजनीतिकर्मीका रूपमा लाग्ने गरेको आरोपबाट पनि मुक्ति मिलेको आभास हुने गरेको छ", उहाँले भन्नुभयो।

राजनीतिकर्मी वा सार्वजनिक ओहदामा बसेका व्यक्तिलाई उद्यमबाट आर्जेको पैसाभन्दा त्यसबाट कमाएको इमान र प्रतिष्ठाले अझ बढी खुसी मिल्ने गरेको बताउने चौधरीले अहिले तीन छोराछोरीको पढाइ, घरपरिवारको लालनपालन र आवश्यकतामा ढुक्कले दुई पैसा खर्च गर्ने साहस पनि बढेको बताउनुभयो।



चौधरीको व्यावसायिक कृषिकर्ममा बढेको लगावले परिवारको आम्दानीमात्रै बढेको छैन त्यसबाट आर्जेको सामाजिक प्रतिष्ठाले अझ बढी खुसी दिने गरेको छ। त्यो खुसीले उहाँकी श्रीमती बचकुनदेवी चौधरीको खुसीको दायरा पनि फराकिलो बनाएको छ। "गाउँघरमा राजनीतिकर्मी केही गर्दैनन् भन्ने आरोप सुन्छु। पहिले मेरो श्रीमान्को पनि कुरा काटेको सुन्थेँ। मन अमिलो हुन्थ्यो", बचकुनदेवीले भन्नुभयो, "श्रीमान्ले राजनीतिलाई समाजसेवा र कृषिकर्मलाई आम्दानीको स्रोतका रूपमा अपनाएपछि अहिले भने राम्रो प्रतिक्रिया सुन्छु। त्यसो सुन्दा राजनीतिक नाम, पद, पैसाभन्दा उद्यमबाट आर्जेको प्रतिष्ठा ठूलो हुँदोरहेछ जस्तो लाग्यो। र यसले निकै खुसी हुन्छ।"

चौधरीले कृषिकर्म गरे पनि पार्टी काम छोड्नुभएको छैन। त्यसरी राजनीतकर्ममा व्यस्त भएका बेला खेतीपाती सम्हाल्ने सारथी पनि श्रीमती बचकुनदेवी नै हुनुहुन्छ।

### उत्पादनसँग जोडिऔं

अधिकांश जनता कृषि पेसामा भए पनि राज्यको लगानी र सामाजिकरूपमा हेयको दृष्टिले हेर्दा उचित लाभ लिन नसकिएको चौधरीको बुझाइ छ। उहाँले कृषिबाटै नेपाललाई समृद्ध बनाउने सोचसहित अगाडि बढ्नुपर्ने जरुरी रहेको बताउनुभयो। सोही भावनाअनुसर आफू नगरप्रमुख भएका बेला धनगढीमाई नगरपालिकाका किसानलाई प्रोत्साहन, आलु पकेट क्षेत्र घोषणा र सहयोगलगायतका काम गरेको उहाँले सुनाउनुभयो।

"हामीसँग उर्बर माटो छ। अनुकूल वातावरण छ", उहाँले भन्नुभयो, "सिँचाइ सुविधा, समयमै मलखाद, कृषि पूर्वाधारमा लगानी, उत्पादनको बजारीकरण गर्ने राज्यको नीति र आफ्नो माटोलाई माया गर्ने हुने हो भने यहाँ अन्न मात्र होइन सुनै फलाउन सकिन्छ भन्ने आत्मविश्वास नागरिकमा जगाउन जरुरी छ।"

जनतालाई परिवर्तनमा ल्याउने तथा आत्मनिर्भर र राष्ट्रिय स्वाभिमान निर्माण गर्ने माओवादीका नेता कार्यकर्ताले त उत्पादनमा जोडिएर उदाहरण पेस गर्नुपर्ने बेला आएको चौधरीको भनाइ छ। माओवादीले विसं २०६९ माघमा हेटौंडामा सम्पन्न सातौं राष्ट्रिय महाधिवेशनमा पार्टीका नेता, कार्यकर्ता उत्पादनसँग जोडिने नीति पास गरे पनि त्यसअनुसार हुन नसकेकामा चौधरीको चित्त दुखाइ छ।

"जनयुद्धमा हुँदाका सपना त छँदैछन्। हाम्रो पार्टीको हेटौंडा महाधिवेशनले उत्पादन ब्रिगेडको नीति अख्तियार गर्यो तर नेताहरूले सोअनुसारको व्यवहार अङ्गिकार गर्न सकिएन। हरेक नागरिक र पार्टी सदस्यलाई श्रम र उत्पादनसँग नजोडी विकास र समृद्धिको सपना पूरा हुन सक्दैन। त्यसैले अधिकांश युवाहरू विदेशिइरहेको बेला नेपालका पार्टीहरूले नै श्रम र उत्पादनसँग जोड्ने अभियान सुरु गर्नुपर्छ", उहाँले भन्नुभयो।

### राजनीति पेसा होइन, सेवा हो

राजनीतिलाई सेवाभन्दा पनि पेसा बनाउने प्रवृत्ति बढ्दै गएकामा पनि चौधरीको चिन्ता छ। देशमा बेतिथि र कुशासनको जड पनि परनिर्भर संस्कृतिको विकास हो भन्ने चौधरी आफ्ना दैनिक आवश्यकता चलाउनसमेत आम्दानीको स्रोत नभएका व्यक्तिहरूबाट राजनीति स्वच्छ हुन्छ भन्ने कुरा नागरिकले पत्याउन छाडिसकेको धारणा राख्नुहुन्छ।

"राजनीतिमा उद्योग, व्यापार, जागिर वा आयआर्जनको अरु केही कुरा छैन तर पनि अधिकांशले ऐयासी जीवन बिताइरहेका छन्। त्यो प्रवृत्तिबाट देशको हित हुन सक्दैन र नागरिकलाई आशावादी पनि बनाउन सकिँदैन", चौधरी भन्नुहुन्छ, "समृद्धि, सुशासन, निराशाको अन्त्य र आम युवाहरूमा आशाको सन्देश फैलाउन पनि हरेक पार्टी र पार्टीका नेता, कार्यकर्ता उद्यमशील बन्न सक्नुपर्छ। म आफैँले त्यो बाटो रोजिसकेको छु। अरुलाई पनि आह्वान गर्छु।" रासस

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८